**जाडोको समयमा चीसोबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चीसोमा मर्निङ वाक नगरौं,
- चीसोमा बाहिर हिड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com





निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com



❖ वर्ष ३७ ❖ २०८० मङ्सिर २० गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 December 06 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६❖ अङ्क ९६


## बजेट फुकुवाको प्रतीक्षामा प्रादेशिक कार्यालय

प्रस, वीरगंज, १९ मङ्सिर/

बारा तथा पर्सामा रहेका प्रादेशिक कार्यालयमा मधेस प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेट निकासामा रोक लगाएपछि कर्मचारीहरू काम नपाएर दिनभरि घाम तापेर दिन बिताइरहेका छन् ।

चालु आर्थिक वर्षमा शीर्षकसहितको बजेट मातहतका कार्यालयहरूमा पठाए पनि फुकुवामा रोक लगाएका कारण प्रादेशिक कार्यालयबाट अहिलेसम्म कुनै काम हुन सकेको छैन ।

बारा र पर्सामा सङ्घ सरकारको मातहतमा रहेका कार्यालयहरूले अहिले धमाधम विकास निर्माणका कामहरू गरिरहे तापनि प्रादेशिक कार्यालयहरूले काम गर्न सकेका छैनन् ।

चालु आर्थिक वर्षको शुरूको छ महिना बितिसक्दा पनि प्रादेशिक कार्यालयहरूका बजेट फुकुवा नहुनुमा प्रदेश सरकारको अर्थ मन्त्रालय दोषी रहेको कर्मचारीहरूले बताउन थालेका छन् ।

बजेटको सुनिश्चितता भएपनि अर्थ मन्त्रालयले बारा, पर्सालगायत आठ जिल्लामा बजेट निकासामा रोक लगाउनु अर्थ मन्त्रालयको नियत ठीक नरहेको कर्मचारीहरूले दाबी गरेका छन् ।

कर्मचारी स्रोतका अनुसार प्रदेशका आठवटै जिल्लामा रहेका प्रादेशिक कार्यालयमा बजेट पठाएको तर निकासामा रोक लगाउनुको कारक कमिशन नै रहेको हो ।

स्रोतका अनुसार अर्थ मन्त्रालयका कर्मचारीहरूले रकम फुकुवा गर्न निकासाका केही प्रतिशत कमिशन माग गर्न थालेका छन् । कर्मचारीहरूले केही प्रतिशत कमिशन कहाँबाट दिने तथा आफूहरूसँग कमिशन दिन रकमसमेत नरहेकोले कार्यालय प्रमुखहरू अहिले सम्बन्धित मन्त्रालय तथा अर्थ मन्त्रालय पनि जान छाडेकाले रकम फुकुवा नहुनुमा




अर्थ मन्त्रालय दोषी रहेको कर्मचारीहरूको भनाइ छ ।

अन्य प्रदेशहरूमा अहिले धमाधम काम भइरहेको तर मधेस प्रदेशले मात्र निकासामा रोक लगाएको छ । त्यतिमात्र होइन, समय बित्दै गएपछि अन्तिम समयमा बजेट फुकुवा गर्दा सबै काम लथालिङ्ग हुने कर्मचारीहरूको भनाइ छ ।

स्रोतका अनुसार अर्थ मन्त्रालय, मन्त्रालय, मन्त्री, सम्बन्धित कार्यालयलाई केही प्रतिशत कमिशन दिंदा विकास निर्माणका काम गुणस्तरीय नहुने कर्मचारीहरूको तर्क छ ।

विगतको चलन अनुसार प्रादेशिक कार्यालयहरूले खुलेआम १० देखि २० प्रतिशत कमिशन दिने गरेको स्रोतको भनाइ छ ।

अर्कोतिर प्रदेश सरकारले निर्मित भवनको संरचनात्मक सुधार, पुँजीगत सुधार, सार्वजनिक निर्माण, पुँजीगत परामर्श, फर्निचर तथा फिक्चर्स, मेशिनरी तथा औजार, सीप विकास तथा जनचेतनामूलक तालीम तथा गोष्ठीसम्बन्धी खर्च, कार्यक्रम खर्च, विविध कार्यक्रम खर्च, अन्य संस्थालाई सर्शत अनुदान दिनुपर्दा अर्थ मन्त्रालयको पूर्वस्वीकृति लिई मात्र खर्च गर्नुपर्ने स्पष्ट पारेको छ । एकातिर अर्थ मन्त्रालयसँग स्वीकृत नलिई काम गरेमा भुक्तानी नपाउने तथा अर्कोतिर पठाएको रकम पनि फुकुवा नगरेको कारण अहिले प्रादेशिक कार्यालयहरू अलमलमा परेका छन् । पर्सामा मधेस प्रदेश सरकार मातहत शहरी विकास तथा भवन कार्यालय, सामाजिक विकास एकाइ कार्यालय, जिल्ला आयुर्वेद, पर्यटन विकास कार्यालय, स्वास्थ्य कार्यालय, प्रदेश लेखा एकाइ कार्यालय, उद्योग विभाग, डिभिजन वन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, कृषि ज्ञान केन्द्र, मधेस विश्वविद्यालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ, पूर्वाधार विकास कार्यालय, यातायात व्यवस्था कार्यालय, जलस्रोत तथा सिंचाइ विकास डिभिजन, भूमिगत जलस्रोत तथा सिंचाइ डिभिजन तथा बारामा १२ गरी २० वटा कार्यालय रहेका छन् । जसले विकास निर्माणका काम गर्दै आएका छन् ।

## श्रीसिया नदी पुनः प्रदूषित हुन थाल्यो

प्रस, वीरगंज, १९ मङ्सिर/

श्रीसिया नदी छठपछि पुनः प्रदूषित भएको छ । छठको बेला श्रीसिया नदी प्रदूषण गर्ने उद्योगहरूले एक साताको लागि कारखानाको फोहर नदीमा नफालेपछि नदी सफा भएको थियो । तर छठ सकेसँगै नदी आसपासमा रहेका उद्योगहरूले कारखानाका प्रदूषित पानी नदीमा विसर्जन गर्न शुरू गरेपछि अहिले नदी पुरानै अवस्थामा प्रदूषित भएको छ ।

नगरप्रमुख राजेशमान सिंह निर्वाचित भएपछि उनले श्रीसिया नदी प्रदूषणमुक्त गर्ने घोषणा गरेका थिए । जसअनुरूप अभियान पनि शुरू गरेका थिए । तर उनको अहिलेसम्मको १९ महीने कार्यकालमा गएको छठमा एक साताको लागि श्रीसिया नदी प्रदूषणमुक्त भयो, त्यसपछि पुरानै अवस्थामा छ । महानगरले श्रीसिया नदी प्रदूषणमुक्त गर्नको लागि श्रीसिया नदी प्रदूषण नियन्त्रण समिति



छठताकाको श्रीसिया नदी । तस्वीरः नितेश कर्ण



छठपछिको श्रीसिया नदी ।

उपप्रमुख इम्तियाज आलमको संयोजकत्वमा गठन गरेको थियो । सो समितिले पाँचवटा उद्योगलाई तीन/तीन लाख रुपैयाँ दण्ड जरिवाना गर्नुका साथै प्रत्येक साता मङ्गलवार उद्योगहरूको अनुगमन गर्दै आएको थियो ।

यसका साथै नगरप्रमुख सिंहसमेतले बेलाबखत श्रीसिया नदी प्रदूषण गर्ने उद्योगहरूको अनुगमन गर्ने र पानी प्रशोधन गरेर मात्र श्रीसिया नदीमा विसर्जन गर्न आग्रह गर्दै आएका थिए । महानगरको प्रयासमा मरियम लेदर, अरनिको टेक्सटाइल्सले उद्योगमा पानी प्रशोधन केन्द्र स्थापना गर्न लागेको छ । एक महीनाअघि दुवै उद्योगले पानी प्रशोधन केन्द्र स्थापना गरे पनि अन्य उद्योगहरूले भने खासै चासो देखाएका छैनन् ।

नदी आसपास रहेका ग्लोबल लेदर, मारुती पल्स एन्ड पेपर, दुर्गा पल्स एन्ड पेपर, सिद्धि टेक्सटाइललगायतले अहिलेसम्म पानी प्रशोधन केन्द्र राख्ने अथवा उद्योगको रसायनयुक्त पानी प्रशोधन गरेर नदीमा विसर्जन गर्ने कार्य गरेका छैनन् । पछिल्लो समय छठ आएसँगै महानगरले श्रीसिया नदी प्रदूषणमुक्त गर्ने अभियान चलाएको थियो । त्यसपछि अहिले महानगरले एउटा सूचना जारी गरेर श्रीसिया नदी प्रदूषण गर्ने उद्योगलाई कारबाई हुने चेतावनी मात्र दिएको छ ।

नगरप्रमुख सिंहले यसबीच श्रीसिया नदी प्रदूषण नियन्त्रण समिति भङ्ग गरेका छन् र यससम्बन्धी कारबाई अगाडि बढ्न सकेको छैन । श्रीसिया नदी प्रदूषणमुक्त गर्ने अभियान अहिलेदेखि चलेको होइन, तीन दशक लामो समयदेखि विभिन्न सङ्घसंस्थाहरूले नदी प्रदूषणमुक्त अभियान सञ्चालन गरेका थिए तर अभियान सञ्चालन भइरहेसम्म प्रदूषण गर्ने कार्य मत्थर हुने र त्यसपछि अभियान सेलाउने र पुनः नदी प्रदूषण हुने कार्य जारी छ ।

## लालगढमा चारतारे होटल सञ्चालन

प्रस, परवानीपुर, १९ मङ्सिर/

मधेस प्रदेशकै प्रख्यात होटल बर्दिबासस्थित गौतम होटलका सञ्चालक हीरा गौतमले महोत्तरीमा अर्को चेन होटल सञ्चालनमा ल्याएका छन् ।

बर्दिबासको लालगढमा सुविधासम्पन्न चारतारे गौतम होटल सञ्चालनमा ल्याइएको हो । गत शनिवार मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले ५० करोड लगानी रहेको सो होटलको उद्घाटन गरेका थिए । ४० वटा कोठा रहेको सो होटलमा हालसम्म २८ वटा कोठा तयार भएर बुकिङ भइरहेको र बाँकी निर्माणको चरणमा रहेको व्यवसायी गौतमले बताए ।

मिथिला नगरपालिका वडा नं ९ मा २२ कठ्ठा जग्गाबाहेक होटलमा रु ५० करोड लगानी भएको उनले बताए । सो होटलमा ७० जना पौडी खेल्न सक्ने क्षमताको २४ वर्गफिटको स्वीमिङपुल, ३५/३५ जना अट्ने दुईवटा कन्फ्रेन्स हल, दुईवटा मिनी कन्फ्रेन्स हल एवं वैवाहिक कार्यक्रमको लागि सात सयभन्दा माथि र तीन हजारसम्म अट्न सक्ने मोनालिसा हल सञ्चालनमा आइसकेको छ ।

१५० जनालाई रोजगार दिने लक्ष्य राखिएको सो होटलले हालसम्म ६० जनालाई प्रत्यक्ष रोजगार दिएको छ । होटलभित्र एकै साथ ४० वटा कार पार्क गर्न सक्ने पार्किङस्थल रहेको छ भने बाहिर पनि पार्किङको लागि पाँच कठ्ठा जग्गा रहेको बताइएको छ ।

तस्वीरः सौजन्य




कुल ५० करोडमध्ये हाल ३५ करोड खर्च भइसकेको र होटलको मुख्य भवनको पछाडि १० कोठा र मिनी क्यासिनो निर्माणको लक्ष्य राखिएको उनले बताए । ३० वर्षअघि होटल व्यवसायी गौतमका बुवा नरहरि गौतमले छाप्रोमा खाना खुवाउने होटलबाट व्यवसाय शुभारम्भ गरेका थिए ।

विगत २३ वर्षदेखि हीरा गौतमले बुबाको विरासत सम्हाल्दै होटल व्यवसाय आधुनिकीकरण गर्दै गौतम होटललाई मधेस प्रदेशकै स्तरीय होटलको रूपमा चिनाएका छन् ।

बर्दिबास नगरपालिका–१४ मा पहिलो होटल सञ्चालनमा छ । २०५७ सालमा बुबाको व्यवसायमा सक्रिय बन्दै गएका हीरा गौतमले बर्दिबासको गौतम होटल पनि विस्तारै विस्तार गर्दै गए । आठवटा कोठाबाट शुरू गरेको सो होटलमा अहिले ४२ वटा कोठा सञ्चालनमा छन् । बर्दिबासको सात कठ्ठा जग्गामा निर्मित प्रथम होटलमा ७० जनालाई रोजगार प्रदान गरिएको छ । तीनवटा भवन रहेको पहिलो होटलको कूल पुँजी करीब २० करोड पुगेको हीरा गौतमले बताएका छन् ।

## पकाहामैनपुर गापासँग सूचना माग गर्दै ज्ञापन

प्रस, वीरगंज, १९ मङ्सिर/

पकाहामैनपुर गाउँपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत उदयशङ्कर चौधरीलाई स्थानीय राजनीतिक दलका नेताहरूले ज्ञापनपत्र बुझाएका छन् ।

मङ्गलवार जसपा नेपालका संसदीय परिषद् सदस्य शिवजी साह सोनी, जनमत पार्टीका गापा संयोजक फणिन्द्रप्रसाद चौहान, एमालेका गापा उपाध्यक्ष नवल पटेललगायतले प्रमुख प्रशासकीय अधिकृत चौधरीलाई ज्ञापनपत्र बुझाउँदै २०७९ वैशाखदेखि हालसम्मको लेखापरीक्षण प्रतिलिपिलगायतका विषयमा सूचना माग गर्दै ज्ञापनपत्र बुझाएका हुन् ।

उनीहरूले सो अवधिमा भएका विकास निर्माण कार्यको विवरण, गापा अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षबाट सञ्चालित योजनाहरूको विवरण, गापा कार्यालयले नियुक्त गरेको ज्यालादारी एवं करार कर्मचारीहरूको विवरण, उनीहरूले खाइपाइ आएको सेवा सुविधा,

तस्वीरः सौजन्य



गापाले गरेको इन्धन खर्च, आर्थिक सहयोगलगायतका विषयमा सूचना माग गरिएको छ ।

ज्ञापनपत्र बुझाउँदै उनीहरूले सात दिनभित्र सूचना उपलब्ध नभए चरणबद्ध आन्दोलन गर्ने र त्यसबाट सिर्जित हुने परिणामको जिम्मेवार गापा कार्यालय हुने चेतावनी पनि दिएका छन् ।

## यादव नेतृत्वको जसपा, पर्सालाई वैधानिकता

प्रस, वीरगंज, १९ मङ्सिर/

जनता समाजवादी पार्टी, पर्साको विवाद सम्बन्धमा सो पार्टीको मधेस प्रदेश समितिले निर्णय गरेको छ । प्रदेश समितिका मुख्य सचिव दिनेशकुमार यादवले यही मङ्सिर ८ गते रामकुमार यादवको अध्यक्षतामा जनकपुरमा बसेको बैठकले पर्सा र सप्तरीको हकमा निर्णय गरेको बताएका छन् ।

उनले पर्साका रामनरेश यादव अध्यक्ष रहेको जसपा नेपाल जिल्ला


(बाँकी अन्तिम पातामा)

विचारसार र सूक्तिहरू

**खुशी आफूले खोजेको सबैथोक पाउनु होइन, आफूसँग जे छ, त्यसमा रमाउनु खुशी हो।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# सुरक्षित गर्भपतन

**हाम्रो मुलुकमा कानूनीरूपले 'सुरक्षित गर्भपतन' शुरू भएको २० वर्ष पुगिसक्यो। २०५९ असोज १० गते गर्भपतनले कानूनी मान्यता पाएको हो। नेपालमा विशेष अवस्थामा गर्भपतन गराउन पाइने कानूनी व्यवस्था छ। गर्भवती महिलाको मन्जुरीले १२ हप्तासम्मको गर्भ पतन गराउन पाइन्छ। जबरजस्ती करणी वा हाडनाता करणीबाट गर्भ रहन गएमा १८ हप्तासम्म र गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यान खतरामा पर्ने वा निजको शारीरिक मानसिक अवस्थामा गम्भीर असर पर्ने तथा विकलाङ्ग बच्चा जन्मन सक्ने अवस्था देखिएमा २८ हप्तासम्मको गर्भ पनि गर्भवतीको स्वीकृतिमा पतन गराउन सक्ने कानूनी व्यवस्था छ। यसको लागि सरकारले मान्यता दिएका सूचीकृत स्वास्थ्य संस्था, दक्ष स्वास्थ्यकर्मी र सम्बन्धित चिकित्सकको सिफारिश अनिवार्य चाहिन्छ। उक्त प्रक्रिया नपुऱ्याइ गरिएको गर्भपतनलाई ज्यानसम्बन्धी फौजदारी अपराधको रूपमा लिइने हुँदा दोषीमाथि कारबाई हुने कानूनी व्यवस्था छ।**

**सुरक्षित गर्भपतन सेवाको अधिकार मानव अधिकारसँग जोडिएको विषय हुनाले हाम्रो मुलुकमा यसलाई संवैधानिक व्यवस्था गरिएको छ। नेपालको अन्तरिम संविधान, २०६३ ले प्रजनन स्वास्थ्यलाई महिलाको मौलिक हकका रूपमा प्रत्याभूत गरेको थियो। त्यसैगरी, नेपालको संविधान २०७२ ले प्रजनन स्वास्थ्य अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गर्दै यसको कार्यान्वयनका लागि 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन–२०७५' जारी भएको छ। यसका साथै 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली–२०७७'समेत कार्यान्वयनमा ल्याएको छ। नेपाल सरकारले आर्थिक वर्ष २०७३/७४ बाट सरकारी स्वास्थ्य संस्थाहरूमा गर्भपतन सेवालाई निश्शुल्क गरेको छ। विविध कारणले स्वास्थ्य संस्थामा पुग्न नसक्ने एवं पहुँच नै नपुग्ने विपन्न, अपाङ्गता भएका र सीमान्तकृत समुदायलाई घरमा नै सुरक्षित गर्भपतन सेवा तथा आवश्यक परिवार व्यवस्थापन (नियोजन)का सेवा पनि सञ्चालन गरेको छ। तर यी व्यवस्था र सेवा कतिको प्रभावकारी भए भन्नेबारे सरकारलाई नै यकीन छैन। सुरक्षित गर्भपतन सेवाका लागि सरकारले सूचीकृत गरेका ग्रामीण क्षेत्र केन्द्रित धेरैवटा स्वास्थ्य संस्थाहरूमा सेवा निरन्तरता छैन। घरदैलो सेवाबारे त कतिजनाले सेवा लिए भन्ने तथ्याङ्कसमेत सरकारसँग छैन। ऐन, कानून एवं सेवाबारे सेवाग्राहीलाई सुसूचित गर्ने कार्यमा राज्यले प्रभावकारी अभियान सञ्चालन गर्न सकेको छैन। गत वर्ष गरिएको एक सर्वेक्षणले सुरक्षित गर्भपतन सेवाबारे जानकारी नहुने महिलाको सङ्ख्या ५९ प्रतिशत देखाएको छ।**

**बर्सेनि सरदर तीन लाख ३० हजार गर्भपतन भइरहेकामा कानूनीरूपले ४२ प्रतिशत र गैरकानूनीरूपमा ५८ प्रतिशत गर्भपतन हुने गरेको अध्ययनले देखाएको छ। हाम्रो मुलुकमा गर्भपतनले कानूनी मान्यता पाए पनि पहुँचमा पुऱ्याउन अझै धेरै मेहनत गर्नुपर्ने देखिएको छ। सुरक्षित गर्भपतन सेवालाई सर्वसुलभ र सबैको पहुँच योग्य बनाउनु जरुरी छ। यससँगै महिलाहरूमा सुरक्षित गर्भपतन सेवा र असुरक्षित गर्भपतनले निम्त्याउने खतराबारे चेतना जागरण गराउनु छ। सेवालाई निरन्तरता, गुणस्तरीय गर्दै दक्ष सेवा सञ्चालनका लागि सूचीकृत संस्था र दक्ष जनशक्ति विकास गर्नतर्फ सरकार अग्रसर हुनुपर्छ। विशेषगरी ग्रामीण भेगमा यो सेवा प्रभावकारी बनाउँदै सेवा र कानूनी व्यवस्थाबारे जानकारी दिनु सरकारको प्राथमिकता रहनुपर्छ।**

# नेपाल–भारत सम्बन्ध : फेरिंदो भारतीय चासो

स्वतन्त्र विचार



जगदीशप्रसाद शर्मा

**रोटी–बेटीको सम्बन्धलाई अब प्रगाढताको मापदण्ड मान्न नसकिने सोचमा भारतीयहरू पुगिसकेका छन् भने नेपाली जन तर्कको आधार टेकेर सम्बन्ध बलियो रहेको देखिरहेको छ। आजको युवा शिक्षित हुँदै गएसँगै परम्परा बोकेर हिंड्ने पक्षमा छैन। यस कुराको बोध भारतलाई भइसकेको छ, नेपालले पनि बुझ्नुपर्छ।**

भारतीय दूतावास काठमाडौंको आमन्त्रण र एउटा एनजिओको व्यवस्थापनमा भर्खरै नेपाली पत्रकारहरूको एउटा टोली भारतको विभिन्न स्थानमा भ्रमणका लागि गएको थियो। एक हप्ते कार्यक्रममा धेरै समय घुमफिर र दुई दिन वर्तमान सन्दर्भमा नेपाल–भारत सम्बन्ध कसरी अझ सुदृढ हुन सक्छ भन्ने विषयमा छलफल भएको थियो। भारतका विभिन्न मन्त्रालय, खासगरी नेपाल हेर्ने विदेश प्रभाग, भारतको उद्योग तथा वाणिज्य मन्त्रालय, जल संसाधन मन्त्रालयका विभिन्न तहका अधिकारीहरूसँग छलफलहरू भएका थिए। यसमा भारतको मुख्य चासो थियो–हामीले विभिन्न क्षेत्रमा यतिका उन्नति गऱ्यौं, नेपालले भने अपेक्षित उन्नति गर्न सकेन र त्यस अवस्थाप्रति चिन्ता। हुन पनि कुनै देश जतिसुकै शक्तिशाली भएपनि उसको छिमेकी मुलुकमा राजनीतिक अस्थिरता छ, निर्माण–विकासको गति सुस्त छ भने शक्तिशाली राष्ट्रको पनि टाउको दुःखाइ बन्न पुग्छ। न गरी साध्य, न हेरि साध्य !

यिनै तथ्यहरूलाई मध्यनजर गर्दै भारतको विदेश विभागमा नेपालको वर्तमान राजनीतिक परिस्थिति, नेपालमा बढ्दो चिनियाँ गतिविधि, जल विपदा आदि विषयमा छलफल भएको थियो।

निश्चय नै भारतले नेपालको उन्नति–प्रगतिमा आजसम्म अपेक्षित योगदान पुऱ्याउँदै आएको छ। अन्य मुलुकहरूको तुलनामा भारतले नेपालको मानव संसाधन विकास–विभिन्न अध्ययन क्षेत्र, थुप्रै तालीम आदिमा अनवरत् गरेको सहयोग प्रशंसनीय छ। मूल चिन्ता थियो, यतिका सहयोगका बावजूद नेपालको अवस्थामा किन सुधार हुन सकेन। यसै क्रममा भारतमा विकसित भइरहेको गति–शक्ति (यातायातका विभिन्न क्षेत्र, डिजिटलाइजेशन)बारे भिडियो प्रदर्शन र विस्तारमा कुरा भएको थियो। भारतले पुरानो सङ्ग्रहालयमा विकसित गरेको डिजिटल सङ्ग्रहालयले बितेका वर्षहरूमा भारतमा भएका राजनीतिक, आर्थिक विकासका दिग्दर्शन प्रस्तुत गरेको थियो।

अहिले विश्वभरि समस्याको प्रमुख थलो बनेको जल प्रदूषणलाई भारतले पनि क्रूर प्रहारको रूपमा भोगेको छ। तर समस्यासँग डराएर, स्थितप्रज्ञ बनेर उद्यमी मानिस बस्न सक्दैन, समाधानका उपाय पहिल्याउन जुर्मुरिएर उठ्छ भनेजस्तै भयावहरूपमा देखिएको गङ्गा नदी प्रदूषण हटाउन 'नमामी गङ्गे' अभियान शुरू गरेर समस्या समाधानको बाटो खोजेको मात्र होइन, त्यसलाई कार्यरूपमा नै ल्याइसकेको छ। हिजो जुन गङ्गामा जलचरहरूले वास छोडिसकेका थिए, ती अब पुनः फर्कन थालेका र अभियानले लगानी मात्र खर्चेको होइन, खर्चको भरपाईको पनि प्रत्याभूति गरेको छ। हिन्दी उखान–आम के आम, गुठली के दामजस्तै। हुनत नेपालमा पनि उद्योगहरूको स्थापनासँगै सानै रूपमा भएपनि नदी प्रदूषण बढ्न थालेको छ। नमामी गङ्गे परियोजनाको अध्ययन–भ्रमणाको क्रममा नेपालका फोहर भइरहेका वीरगंजको श्रीसिया नदी, जनकपुरका नदी–नालाहरूको पनि के कसरी प्रदूषण व्यवस्थापन गर्न सकिन्छ र समस्या समाधानको उपायहरूबारे छलफल भएको थियो।

भ्रमणाको उद्देश्य नेपाल–भारत सम्बन्ध प्रगाढ बनाउनुपर्ने प्रमुख रहेको र यसका लागि अब भारतले भौतिक सहयोग गर्नेभन्दा नेपाल आफैंले आफ्नो विकासका लागि जमर्को गर्नुपर्ने कुरालाई प्रकारान्तरले व्यक्त गरिएको थियो। कुरा साँचो पनि हो, आजसम्म कुनै पनि मुलुकको विकास अन्य मुलुकले गरिदिएको छैन, गरेर साध्य पनि छैन। जबसम्म सम्बन्धित देश आफैं जुर्मुराउँदैन, अरूको भरमा केही हुँदैन। नेपालमा आजसम्म जति पनि विदेशी सहयोग, अनुदान आए, त्यसबाट उपलब्धि हासिल गर्ने दिशामा देश सचेष्ट रहेको भए, देशको उन्नति शिखरमा पुगिसकेको हुन्थ्यो। उद्योगधन्दाको नाममा जे जति भएको छ, त्यो तात्कालिक लाभ र हात्तीको देखाउने दाँतको रूपमा भएको छ। चिनी कारखानाहरू, कपडा उद्योगहरू, कृषि औजार कारखाना, चुरोट कारखाना, जुट कारखाना, कागज कारखानाहरू आज बन्द भइसकेका छन्। निजी क्षेत्रले पनि यसै प्रकारको औद्योगिक नीतिको परिपालना गऱ्यो, जसको परिणामस्वरूप तेल–घ्यू कारखाना, सिमेन्ट कारखानाको उत्पादनले विश्राम लिने अवस्था उत्पन्न भएको छ। त्यस्तै, फलाम कारखानाहरू बन्दजस्तै बन्न पुग्दा धेरैको रोजीरोटीको अपहरण भएको छ। नेपालले कहाँ र कुन रूपमा फलदायी औद्योगिक नीति अख्तियार गर्नुपर्छ, त्यो आफ्नो भूपरिवेशको अध्ययन गरेर आफ्नै क्षमताले विकसित गर्दा दिगो हुने र देशहित अनुकूल हुने देखिन्छ। निश्चय नै यस्ता छलफलहरूले आफ्नो लगानी, आफ्नो आवश्यकतालाई टेवा दिन्छ, तेस्रो मुलुकबाट सामान मगाएर, आफूकहाँ नाम मात्रको परिवर्तन गरी पुनः विदेश पठाएर लाभ लिनेजस्तो अल्पकालीन व्यापार वा उद्योगले कुनै देशको हित हुन सक्दैन। नेपालले जल–विद्युत्को क्षेत्रमा गरेको विकास र त्यस्तो आयोजनामा आफूले गरेको लगानीप्रति भारतीय सन्तुष्टि प्रायः छलफलको क्रममा झल्किएको थियो।

प्रस्टरूपमा त होइन, अस्पष्ट तवरमा वर्तमान परिस्थितिले भारतलाई नेपाल डफर मुलुकको रूपमा रहिरहन वा राखिरहन प्रोत्साहित गर्छ। यस भ्रमणका क्रममा नेपालका विभिन्न क्षेत्रमा चिनियाँ गतिविधि बढेको भनेर जुन चासो र चिन्ता भारतमा देखियो, त्यसले दिक्दार स्थिति उत्पन्न गर्न सक्छ। किनकि नेपाल डफर मुलुक होइन, बन्नु पनि हुँदैन। नेपाल सबैको मित्र भएको नाताले तेस्रो मुलुकको स्वार्थमा धक्का नलाग्ने तथा हित प्रतिकूल नहुनेबाहेक सबै प्रकारको गतिविधि स्वीकार गर्ने परिस्थिति हुनुपर्दछ, जुन क्षमता सार्वभौम मुलुकमा मात्र हुन सक्छ। नेपाल बलियो सार्वभौम मुलुक बन्दा बरु भारत र चीनबीच संवाद–सेतु बन्न सक्छ। दुवै छिमेकी मुलुकबीच टकरावको अवस्थामा शक आब्जर्वरको पनि भूमिका निर्वाह गर्न सक्छ।

यस्तो हुनुपछाडिको मनोविज्ञान के पनि हो भने भ्रमणको दौरान जति पनि छलफलहरू भए, त्यसमा नेपालप्रति सद्भावको मात्रा थियो तर सन् १९५० को नेपाल–भारत मैत्रीसन्धि परिमार्जन गर्ने प्रतिवेदनको चर्चा पनि भएन, नेपालले जारी गरेको चुच्चे नक्शा कहीं कसैको ध्यानमैं आएन। चीनको कुरा उठाएर प्रच्छन्न रूपमा यी विषयप्रति उदासीनताको भाव देखाइयो। यस सम्बन्धमा मैले व्यक्तिगतरूपमा चासो देखाउँदा नेपालको सीमा क्षेत्र हाराहारी बनेका बाँधहरूबारे अध्ययन गर्ने आश्वासनबाहेक नक्शा जारी गर्नु ओलीको हतार बताएर मैत्री सन्धि विषयमा मौन मात्र फेला पऱ्यो।

आजको सन्दर्भमा नेपाल र भारतबीच परम्परागत सम्बन्ध निस्तेज हुँदै गइरहेको छ। रोटी–बेटीको सम्बन्धलाई अब प्रगाढताको मापदण्ड मान्न नसकिने सोचमा भारतीयहरू पुगिसकेका छन् भने नेपाली जन अन्य तर्कको आधार टेकेर सम्बन्ध बलियो नै रहेको देखिरहेको छ। आजको युवा शिक्षित हुँदै गएसँगै परम्परा बोकेर हिंड्ने पक्षमा छैन। यस कुराको बोध भारतलाई भइसकेको छ, नेपालले पनि बुझ्नुपर्छ। आजको भारतीय वा नेपाली युवाको चासो अध्ययन, कैरियर, मनोरञ्जन, खेलतर्फ लहसिन थालेको छ। उसलाई यिनै क्षेत्रमा संलग्न गराएर नयाँ र उपलब्धिमूलक सम्बन्ध विकसित गर्नेतर्फ लाग्नु नै श्रेयस्कर देखिन्छ। र यस कुराको झल्को नेपाली पत्रकारहरूको भ्रमण टोलीको महाराष्ट्रका उपमुख्यमन्त्रीसँग भएको भेटघाटको क्रममा देखियो। नेपाली टोलीले नेपाल–भारत सम्बन्ध काठमाडौं र दिल्लीसम्म मात्र सीमित नराखी, सम्बन्ध विभाजन गरी कूटनीतिक र राजनीतिक सम्बन्धबाहेक सांस्कृतिक, खेल, मनोरञ्जन आदि क्षेत्रमा महाराष्ट्रलगायत भारतका अन्यान्य प्रदेशसँग पनि हुनुपर्ने आवश्यकता बोध गराउँदा उपमुख्यमन्त्रीले सकारात्मक चासो देखाउँदै नेपाल सरकारले त्यस्तो आवश्यकता देखेको बेला महाराष्ट्र तत्पर रहेको बताएका थिए।

भ्रमण टोली गोवा पुगेको बेला कुनै समय नेपालमा भारतका राजदूत रहेका रञ्जन रेसँग पनि कुराकानी गरेको थियो। उनको पनि उत्सुकता नेपालमा चिनियाँ गतिविधि बढेसँग सम्बद्ध थियो। नेपालबारे राम्रो जानकारी राख्ने रे महोदयले पनि अब परम्परा मात्र नबोकेर, नयाँ सन्दर्भमा द्विदेशीय सम्बन्ध बनाउने र त्यसको प्रगाढताका लागि विभिन्न तहमा छलफल कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकतामा जोड दिएका थिए। सोही क्रममा गोवामा सेवानिवृत्त जीवन बिताउँदै विभिन्न अनुसन्धानात्मक कार्यमा संलग्न रहेका र वीरगंजस्थित भारतीय महावाणिज्यदूतावासका स्थापनाकालका कन्सुलर जोन एस शिल्शीसँग पनि अनौपचारिकरूपमा नेपाल–भारत सम्बन्धबारे कुराकानी भएको थियो।

# लागूपदार्थ दुर्व्यसन रोक्न प्रहरीको 'नवप्रवर्तनीय'अभियान

महोत्तरी, १९ मङ्सिर/रासस

नेपाल प्रहरीले मधेस प्रदेशमा लागू पदार्थ दुर्व्यसनविरुद्ध नयाँ अभियान सञ्चालन गरेको छ। लागू पदार्थको दुर्व्यसन र यसको कारोबारविरुद्ध सचेतना र निस्तेज कार्य सँगसँगै बढाउन प्रदेशका आठवटै जिल्लामा 'नवप्रवर्तनीय कार्य' अभियान सञ्चालन गरिएको नेपाल प्रहरी, मधेस प्रदेश कार्यालय, जनकपुरधामले जनाएको हो।

अभियानलाई 'एन्टी ड्रग क्याम्पनिङ' भनिएको छ। यसै साताको प्रारम्भमा महोत्तरीबाट शुरू गरिएको अभियान अन्तर्गत दुर्व्यसनी र कारोबार गर्नेको पहिचान, नियन्त्रण, अभिलेखीकरण, मनोपरामर्श, अभिभावकसँग परामर्श र कानूनी कारबाईका चरण रहेको नेपाल प्रहरी मधेस प्रदेश कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक जनक भट्टराईले जानकारी दिए।

"हामीले अभियानको पहिलो चरणमा दुर्व्यसनी र कारोबारीको पहिचान गर्न थालेका छौं, यस अन्तर्गत दुर्व्यसनी कुन अवस्थाको छ, त्यो छुट्टिन्छ," भट्टराई भन्छन्, "भर्खरै सम्पर्कमा पुगेको भए मनोपरामर्श र संवादका विधिले अभिभावकको जिम्मा लगाइन्छ, उसको दुर्व्यसनको प्रकृति अनुसार हामी कारबाईको चरणसम्म पुग्छौं।"

कारोबारमैं संलग्न भएका पहिचान गरिएकालाई भने कानूनी कारबाई बढाइने भट्टराईको भनाइ छ। अभियान प्रारम्भसँगै महोत्तरीमा पहिचान गरिएका ४९५ जनासँग सचेतना कक्षासँगै उनीहरूलाई मनोविज्ञबाट मनोपरामर्श दिइएको जिल्ला प्रहरी कार्यालय, महोत्तरीले जनाएको छ।

भर्खरै दुर्व्यसनीको सङ्गतमा परेका मनोपरामर्शपछि सुधारिएर नियमित पारिवारिक जीवनमा फर्कने अपेक्षा लिइएको जिल्ला प्रहरी कार्यालय, महोत्तरीका प्रमुख प्रहरी उपरीक्षक प्रकाश मल्ल बताउँछन्।

भारतसँगको खुला सीमा आवतजावत भएको हुँदा दुर्व्यसनी भारतीय बजारमा गई लागूऔषध प्रयोग गरेर फर्कने, यस्ताले केही आफ्नो प्रयोगका लागि ल्याउने गरेका पाइएको मधेस प्रहरी कार्यालयले जनाएको छ। यसैगरी, कारोबारीले प्रतिबन्धित यस्ता लागूऔषध लुकाइछिपाइ दूरदराजसम्म पुऱ्याउने गरेका प्रहरी अधिकारी बताउँछन्।

मधेसमा लागूऔषधको दुर्व्यसन र कारोबार भयावह रहेको प्रहरी अधिकारी स्वीकार गर्छन्। चालू आर्थिक वर्ष २०८०/८१ मा हालसम्म आठ जिल्लामा लागूऔषधसम्बन्धी २६३ वटा मुद्दा दर्ता भइसकेका प्रहरी नायब महानिरीक्षक भट्टराई बताउँछन्।

यसअघि आव २०७९/८० मा ९३७ र आव २०७८/७९ मा ९२७ वटा यस प्रकृतिका मुद्दा दर्ता भएका प्रहरी अभिलेखमा उल्लेख छ। अभियानमा सीमानाकामा प्रहरी मुस्तैदी बढाइएको प्रहरीको भनाइ छ। यद्यपि दुर्व्यसनीले कति लागू पदार्थ सेवन गरेको छ? ऊ सिकारु हो वा अभ्यस्त हो? यो थाहा पाउन जाँच्ने यान्त्रिक उपकरण नहुँदा उनीहरूको ठीकठीक अवस्था बुझ्न कठिनाइ हुने गरेको प्रनामनि भट्टराई बताउँछन्। यसबीच यो अभियानका लागि आवश्यक उपकरण र अन्य सहयोग मधेस प्रदेश सरकारबाट सहयोगको प्रतिबद्धता



प्राप्त भएको उनले बताए।

अत्यन्त भयावह बन्दै गएको लागू पदार्थ दुर्व्यसन तथा ओसारप्रसारविरुद्धको यो अभियानमा राज्यका सबै अङ्ग, प्रदेश तथा स्थानीय सरकार, राजनीतिक दल, सामाजिक सङ्घसंस्था र प्रत्येक घरपरिवारको प्रत्यक्ष सहभागिता बढ्न आवश्यक रहेको मधेस प्रहरी कार्यालयले जनाएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# एनसेलको शेयर खरीद–बिक्रीपछि उब्जिएका प्रश्न

काठमाडौं, १९ मङ्सिर/रासस

दूरसञ्चार सेवाप्रदायक कम्पनी एनसेल आजियटा लिमिटेडको शेयर कारोबार विवादमा परेको छ । मलेशियाली कम्पनी 'आजियटा ग्रुप बर्हाड'ले गत एनसेलको ८० प्रतिशत शेयर स्वामित्व अर्को कम्पनी 'स्पेक्ट्लाइट युके लिमिटेड'लाई बेच्ने निर्णय गरेपछि यो व्यावसायिक कारोबारको कानूनी प्रक्रियाको वैधता र आर्थिक पारदर्शितामाथि गम्भीर प्रश्न उब्जिएका छन् ।

नागरिकस्तरदेखि संसदीय समितिसम्ममा यो विषयले प्रवेश पाएको छ। यो कारोबारको वास्तविकता खोजेर जानकारी गराउन सरकार र मातहतका निकायमाथि चर्को दबाब छ । यही सन्दर्भमा एनसेल शेयर खरीद–बिक्रीपछि उब्जिएका मूलभूत प्रश्नलाई केलाइएको छ ।

**नियामकलाई किन जानकारी भएन ?**

एनसेलको शेयर खरीद–बिक्री हुँदा सम्बन्धित क्षेत्रका नियामक निकायलाई जानकारी भएको देखिंदैन । एनसेलको शेयर स्वामित्व खरीद–बिक्री नेपालको विद्यमान कानून र प्रक्रिया अनुसार भए वा नभएको विषयमा अध्ययन गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सोमवार सम्बन्धित निकायलाई निर्देशन दिइसकेका छन् ।

यो व्यावसायिक सम्झौताबाट नेपालको दूरसञ्चार क्षेत्र र विदेशी लगानीमा पर्ने असर तथा सरकारको राजस्वलगायत विषयमा पर्ने प्रभावबारे शीघ्र अध्ययन गर्न पनि प्रधानमन्त्री दाहालको निर्देशन छ। नेपाल दूरसञ्चार प्राधिकरण, आन्तरिक राजस्व विभाग, कम्पनी रजिस्ट्रारको कार्यालय, उद्योग विभागलगायतका निकायहरू यो व्यावसायिक कारोबारबाट अनविज्ञ रहेको प्रधानमन्त्रीको यो निर्देशनबाट पुष्टि हुन्छ।

अर्थमन्त्री डा प्रकाशशरण महतले मङ्गलवार चितवनमा सञ्चारकर्मीसँग कुरा गर्दै एनसेलको शेयर खरीद–बिक्रीका विषयमा अहिलेसम्म सरकारलाई जानकारी नभएको बताइसकेका छन् । "हामी सूचना लिइरहेका छौं, ठूलो किनबेच गर्दा अनुमति लिनुपर्ने व्यवस्था छ। यसबारे नियामक दूरसञ्चार प्राधिकरणसँग जानकारी मागिएको छ," अर्थमन्त्री डा महतले भने ।

नियामक निकायलाई समेत जानकारी नहुने गरी मुलुकबाहिरबाट शेयर खरीद–बिक्री भएको भन्दै सार्वजनिक लेखा समितिले पनि सम्बन्धित निकायमार्फत यस विषयमा जवाफ मागेको छ । साथै, बुधवारका लागि सार्वजनिक लेखा समितिले एनसेलको शेयर खरीद–बिक्री सम्बन्धमा प्रारम्भिक छलफलका लागि बैठक बोलाएको छ । यसरी राज्यका निकायलाई समेत जानकारी नहुने गरी मुलुकबाहिरबाट शेयर खरीद–बिक्री भए भन्दै यो व्यावसायिक कारोबारको कानूनी प्रक्रिया र आर्थिक पारदर्शितामाथि प्रश्न उठेका छन् ।

"नेपालको कर प्रणाली छलेर भएको शेयर खरीद–बिक्री वा हक हस्तान्तरण नेपालका नियमनकारी संस्थालाई जानकारी नै नदिईकन भएको भन्ने सुनिन आएकाले यो खरीद–बिक्रीको प्रक्रिया र पारदर्शितामाथि सम्बन्धित नियमनकारी निकायको के भनाइ छ ?", सार्वजनिक लेखा समितिले आइतवार आन्तरिक राजस्व विभाग, दूरसञ्चार प्राधिकरण र कम्पनी रजिस्ट्रारको कार्यालयलाई पठाएको पत्रमा भनिएको छ, "छ वर्षपछि कानूनबमोजिम नै नेपाल सरकारको स्वामित्वमा आउने सुनिश्चित हुँदाहुँदै सोलाई समेत असर पर्न सक्ने गरी भएको अहिलेको कारोबारलाई अनुमति वा स्वीकृति प्रदान गर्ने, नगर्ने सम्बन्धमा नियमनकारी निकायको भनाइ के रहेको छ ? यदि नेपालको नियमनकारी निकायले अनुमति नदिएको अवस्थामा सो कारोबारको वैधानिकता के हुन्छ ?"

**के शेयर खरीद–बिक्री विद्यमान विधि र प्रक्रियाभित्र छ ?**

एनसेलको शेयर खरीद–बिक्री नेपालको विद्यमान विधि, कानून र प्रक्रियाभित्र रहेर भएको छ वा छैन ? भन्ने अर्को महत्त्वपूर्ण प्रश्न हो। नेपालको ऐन कानून अनुसार भएको छ कि छैन भन्नेमा पनि नियामकहरूले हालसम्म कुनै औपचारिक जानकारी सार्वजनिक गरेका छैनन् ।

दूरसञ्चार नियमावली, २०५४ को नियम १५ (ट) बमोजिम चुक्ता पूँजीको पाँचभन्दा बढी प्रतिशत शेयर खरीद–बिक्री गर्नुअघि नेपाल दूरसञ्चार प्राधिकरणको स्वीकृति लिनुपर्ने व्यवस्था छ। त्यस्तै, नेपाल दूरसञ्चार प्राधिकरण विनियमावली, २०७६ को विनियम ४ (क)मा शेयरधनीको शेयर खरीद–बिक्री वा नामसारी गर्नुपूर्व प्राधिकरणको अनुमति वा स्वीकृति प्राप्त गर्नुपर्ने कानूनी प्रावधान छ । आजियटाले यो प्रक्रिया पूरा गरे/नगरेको बारे प्राधिकरणले कुनै स्पष्ट जानकारी बाहिर ल्याएको छैन ।

अर्कोतर्फ यो व्यावसायिक सम्झौतामा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ को दफा १९ आकर्षित हुन सक्ने भएकाले सोही अनुसार आजियटा अघि बढेको बुझ्न सकिन्छ। ऐनको उक्त दफाले 'विदेशी लगानीबाट नेपालमा सिर्जित सम्पत्ति, जायजेथा वा अन्य कुनै प्रकारको वित्तीय उपकरणको नेपाल भित्र वा बाहिर शेयर बिक्री वा हक हस्तान्तरण वा अन्य कुनै प्रकारको स्वामित्व वा निहित स्वामित्वको संरचना परिवर्तन भएमा सम्बन्धित कम्पनीले कारोबार भएको ३० दिनभित्र तत्सम्बन्धी प्रमाण कागजातसहित सोको जानकारी त्यस्तो लगानी गर्न अनुमति दिने निकायमा उपलब्ध गराउनुपर्ने व्यवस्था छ ।

लामो समयदेखि कर छलीको विवादमा अदालती प्रक्रिया भोगिरहेको एनसेल कम्पनीमा फेरि कर छलीको नियतबाट शेयर कारोबार भएको हुन सक्ने विषयमा पनि आशङ्का उब्जिएका छन् । विदेशमा कारोबार हुनु, न्यून रकममा शेयर खरीद–बिक्री हुनु, शेयर खरीद गरेका व्यक्ति र संस्थाको शङ्कास्पद आबद्धतालगायत कारण यस्ता आशङ्का देखिएका हुन् ।

**अब एनसेलको दायित्व के हुन्छ ?**

एनसेलको कर छलीसँग सम्बन्धित मुद्दा सर्वोच्च अदालतमा चलिरहेको छ। आयकर ऐन २०५२ को दफा ५७ र दफा ९५ मा टेकेर ठूला करदाता कार्यालयले एनसेलविरुद्ध मुद्दा दायर गरेको छ । आज मङ्गलवारका लागि तोकिएको यो मुद्दाको पेसी सरेर आगामी फागुन १५ गतेका लागि तय भएको सर्वोच्च अदालतका सहप्रवक्ता गोविन्द घिमिरेले जानकारी दिए। करीब रु ५७ अर्ब बराबर कर असुली मागसहित यो मुद्दा दायर भएको देखिन्छ। यसअघिका मुद्दा हारेको एनसेलले यो मुद्दा पनि हार्ने अवस्था भएमा त्यसको दायित्व कसरी बेहोर्छ भन्ने प्रश्न पनि उठिरहेका छन् । त्यस्तै, एनसेलमार्फत कर असुली गर्नुपर्ने भनी यसअघि भएका अदालतका आदेश अनुसार एनसेलले कर बुझाएको छैन । अदालती प्रक्रियामा रहेको करसँग सम्बन्धित मुद्दा र यसअघिको फैसलाबमोजिम सरकारले पाउनुपर्ने कर कोमार्फत कसरी प्राप्त हुन्छ भन्नेमा पनि अन्योलता देखिन्छ ।

"टेलियासोनेराले आजियटालाई एनसेल बिक्री गर्दा निर्धारण गरेको र आजियटाले कबोल गरेको पूँजीगत लाभकर पूर्णरूपमा भुक्तानी गरेको छैन। ठूला करदाता कार्यालयले थप निर्धारण गरेको कर बक्यौता कति हो र आजियटा निक्सिएपछि उक्त दायित्व कसले लिन्छ भन्ने पनि प्रश्न देखिएको छ," राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सुमना श्रेष्ठले सोमवार सङ्घीय संसद् अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिमा दर्ता गराएको निवेदनमा भनिएको छ, "आगामी छ वर्षसम्मको मुनाफामा आजियटाकै हक लाग्ने सम्झौता भएको देखिन्छ। यो सम्झौता २५ प्रतिशत पूँजीगत लाभकरको सट्टा पाँच प्रतिशत लाभांश कर तिर्न रचिएको प्रपञ्च त होइन ?"

एनसेलले वहन गर्नुपर्ने अर्को ठूलो आर्थिक दायित्व हो, दूरसञ्चार सेवा सञ्चालन गर्नका लागि पाएको अनुमतिपत्रको नवीकरण दस्तुर । सन् २०२९ सम्मका लागि नेपालले नवीकरण दस्तुरका करीब रु २० अर्ब भुक्तानी गर्नुपर्ने देखिएको तथ्य बाहिर आएका छन्। तर दूरसञ्चार प्राधिकरणले भने यसबारे पनि कुनै धारणा सार्वजनिक गरेको छैन।

बैंक तथा वित्तीय संस्थालाई एनसेलले भुक्तानी गर्नुपर्ने कर्जा कति छ भन्ने पनि यकीन छैन। तर क्रेडिट रेटिङ कम्पनी इक्रा नेपालका अनुसार एनसेल आजियटा लिमिटेडले २०२२ अगस्तसम्ममा रु २८ अर्ब ६४ करोड ५० लाख बराबर कर्जाका लागि क्रेडिट रेटिङ गराएको छ । एनसेलको कर्जाबारे सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई नै जानकारी हुने र शेयर खरीद–बिक्री त्यस्तो कर्जाका सन्दर्भमा कुनै पनि बैंक वित्तीय संस्थाले नियामक नेपाल राष्ट्र बैंकलाई जानकारी नगराएको नेपाल राष्ट्र बैंकका सहप्रवक्ता डिल्लीराम पोखरेलले बताए ।

**न्यून रकमको कारोबारका आधार के हुन् ?**

निकै कम रकममा शेयर कारोबार भएको देखिएपछि यो व्यावसायिक सम्झौतामा थप शङ्का गर्ने ठाउँ देखिएका छन् । सन् २०१६ मा तत्कालीन माउ कम्पनी स्वीडेनको टेलियासोनेराले एनसेलमा रहेको ८० प्रतिशत शेयर रु एक अर्ब ३६ करोड ५० लाख अमेरिकी डलर अर्थात् रु एक खर्ब ४४ अर्ब सात करोडमा मलेशियाली कम्पनी आजियटालाई बिक्री गरेको थियो। तर अहिले सोही शेयर पाँच करोड अमेरिकी डलर अर्थात् रु साढे छ अर्बमा बिक्री भएको छ। चलिरहेको व्यवसाय किनेको रकमभन्दा ९६ प्रतिशत कम रकममा बेच्नु अस्वाभाविक छ ।

**पब्लिक लिमिटेड बनाएर किन शेयर जारी गरिएन ?**

यो कम्पनी 'मेरो मोबाइल'का रूपमा सन् २००४ मा स्थापना भएको थियो । पछि सन् २०१० मा स्वीडेनको कम्पनी टेलियासोनेरा ग्रुपले किनेपछि 'एनसेल'को रूपमा ब्रान्डिङ भएको हो । सन् २०१६ अप्रिलमा आजियटा ग्रुप बर्हाडले ८० प्रतिशत शेयर खरीद गरेको थियो । एनसेल सन् २०२० अगस्त ३ मा पब्लिक लिमिटेड कम्पनीका रूपमा घोषणा भयो र आफ्नो नाम 'एनसेल आजियटा लिमिटेड' बनाएको थियो। तर हालसम्म पनि सर्वसाधारणका लागि शेयर जारी गरेको छैन । यस विषयमा पनि लेखा समितिले प्रश्न उठाएको छ ।

इक्रा नेपालले क्रेडिट रेटिङका क्रममा खुलाएको विवरण हेर्दा एनसेल आजियटा कम्पनीको सञ्चालन आय पछिल्ला वर्षहरूमा निरन्तर घट्दो देखिन्छ। इक्राको विवरण अनुसार कम्पनीले सन् २०१८ मा रु ५९ अर्ब ८१ करोड ७० लाख, सन् २०१९ मा ५५ अर्ब ३९ करोड ८० लाख, सन् २०२० मा रु ४६ अर्ब ८७ करोड ४० लाख र सन् २०२१ मा रु ४० अर्ब ४२ करोड २० लाख बराबर सञ्चालन आय रहेको छ ।

आटियटाले भने व्यवसायमा न्यून प्रतिफलको प्रत्याभूति, झन्झटिलो कर प्रशासन, नियमनकारी निकायको असहयोग, लाइसेन्सको म्याद सकिएपछिको अवस्थामा सरकारले स्वामित्व ग्रहण गर्नेलगायतका विषयलाई कारण देखाउँदै स्वामित्व बिक्री गर्ने उल्लेख गरेको छ ।

**सेवा प्रवाहमा कस्तो असर पर्छ ?**

एनसेलको स्वामित्व बिक्रीपछि यसको सेवाप्रवाहमा कस्तो असर देखिन्छ भन्ने पनि प्रश्न उठेको छ। सार्वजनिक लेखा समितिले दूरसञ्चार प्राधिकरणलाई काटेको पत्रमा यो व्यावसायिक कारोबारबाट सेवाप्रवाहमा देखिन सक्ने प्रभावबारे जवाफ माग गरिएको छ । त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीले पनि एनसेल खरीद–बिक्री सम्झौताबाट नेपालको अन्तर्राष्ट्रिय छविमा आँच पुग्ने र भविष्यमा वैदेशिक लगानी निरुत्साहित हुने हुँदा यो व्यावसायिक सम्झौताका क्रममा उठेका प्रश्नको जवाफ खोजिनुपर्ने माग राखेको छ ।

# नेप्सेमा दोहोरो अङ्कको गिरावट

काठमाडौं, १९ मङ्सिर/रासस

यो साता कारोबारको लगातार तेस्रो दिन मङ्गलवार पनि नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक घटेको छ। आज नेप्से परिसूचक १० दशमलव १० अङ्कले घटेर एक हजार ८३७ दशमलव ७१ को बिन्दु कायम भएको हो ।

आज २९२ कम्पनीका ४६ लाख ९८ हजार ६८२ कित्ता शेयर ३८ हजार ५८४ पटक खरीद–बिक्री हुँदा रु एक अर्ब ५४ करोड ४९ लाख ३५ हजार ४३८ बराबरको कारोबार भएको छ ।

आज जीवन बीमा समूह शून्य दशमलव १६ प्रतिशतले बढेको छ भने अरू सबै समूहका उपसूचक घटेका छन्। सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह दुई दशमलव ५७ र होटल तथा पर्यटन समूह एक दशमलव ७१ प्रतिशतले घटेका छन् ।

सिङ्गटी हाइड्रो लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक 'सर्किट' लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने विशालबजार कम्पनी लिमिटेडको शेयर मूल्य नौ दशमलव ५३ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै माउन्टेन इनर्जी नेपाल लिमिटेडको रु ३६ करोड २९ लाख ५७ हजार ४२४ बराबरको आठ लाख ३१ हजार ३५० कित्ता शेयर किनबेच भएका छन् ।

# टिकटकसम्बन्धी रिट 'हेर्न नभ्याउने'मा

काठमाडौं, १९ मङ्सिर/रासस

टिकटकमाथि प्रतिबन्ध लगाउने सरकारको निर्णयविरुद्ध परेको सर्वोच्च अदालतमा परेको रिट निवेदनमा मङ्गलवार पेसी तोकिएको भएपनि सुनुवाइ नहुने भएको छ ।

न्यायाधीशद्वय सुषमालता माथेमा र विनोद शर्माको इजलासमा पेसी तोकिएको भएपनि उक्त मुद्दा 'हेर्न नभ्याउने' सूचीमा परेको हो ।

न्यायाधीश विनोद शर्माको एकल इजलासले यही मङ्सिर ५ गते प्रारम्भिक सुनुवाइ गर्दै १० दिनभित्र कारण देखाउ आदेश जारी आजका लागि पेसी तोकेको थियो । अदालतले उक्त विवादमा यही मङ्सिर १५ गतेभित्र लिखित जवाफ माग गरी यही मङ्सिर १९ गते सुनुवाइका लागि पेसी तोक्ने आदेश गरेको थियो ।

टिकटक प्रतिबन्धको विरोधमा वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीसहित १४ जनाले छुट्टाछुट्टै रिट निवेदन दायर गरेका थिए । सरकारले गत कात्तिक २७ गते सामाजिक सद्भावमा खलल पुगेको उल्लेख गर्दै टिकटकमाथि प्रतिबन्ध लगाउने निर्णय गरेको थियो ।

# उत्पादन वृद्धि गर्न माटोलाई गुणस्तरीय बनाउनुपर्छ

काठमाडौं, १९ मङ्सिर/रासस


मन्त्री डा बेदुराम भुसाल

कृषि तथा पशुपक्षी विकासमन्त्री डा वेदुराम भुसालले विभिन्न प्रकोपका कारण माटोको उर्वरा घट्दै गएकाले माटोलाई शतप्रतिशत शुद्ध बनाउनुपर्ने बताएका छन् ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)द्वारा १०औं विश्व माटो दिवसका अवसरमा मङ्गलवार आयोजित कार्यक्रममा उनले नेपाली माटोको गुणस्तरलाई उच्च राख्न कृषि भूमिको अनुपयुक्त प्रयोगलाई न्यूनीकरण गर्नुपर्नेमा जोड दिए ।

माटोमा रासायनिक मलभन्दा नदी खोलामा बगेको मलिलो पानी खेतबारीमा प्रयोग गर्न सके माटो सुधार हुने उनको भनाइ छ। मुलुकमा समृद्धि कायम गर्न उत्पादन वृद्धि गर्नुपर्ने बताउँदै मन्त्री भुसालले त्यसका लागि माटोको गुणस्तरमा ध्यान दिनुपर्ने विचार व्यक्त गरे ।

कृषि उत्पादन, उत्पादकत्व वृद्धि गरी कृषकको आय वृद्धि, आर्थिक समृद्धि हासिल गर्ने विषयलाई प्राथमिकतामा राखेर राष्ट्रिय कृषि नीति छिट्टै ल्याउने तयारी भइरहेको बताउँदै उनले उक्त नीतिले कृषि क्षेत्रलाई आत्मनिर्भर बनाउने विश्वास व्यक्त गरे । साना किसानलाई संरक्षण गर्न उनीहरूको उत्पादनलाई मूल्य शृङ्खलामा जोड्ने बताउँदै उनले मूल्य शृङ्खलाबाट कृषि वस्तुको बजारीकरणको खाँचो औंल्याए।

नार्क अन्तर्गत माटो विज्ञान अनुसन्धान केन्द्रले विभिन्न कार्यक्रम गरी 'माटो र पानी, जीवनको थालनी' भन्ने नाराका साथ माटो दिवस मनाएको छ।

# 'एनसेल बिक्री प्रकरण: विश्लेषणपछि सरकार निष्कर्षमा पुग्छ'

त्रिवेणी (नवलपरासी), १९ मङ्सिर/रासस

अर्थमन्त्री डा प्रकाशशरण महतले एनसेल बिक्री प्रकरणमा गहिरो विश्लेषणपछि सरकार निष्कर्षमा पुग्ने बताएका छन् ।

मङ्गलवार नवलपरासीको नवलपुरमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा अर्थमन्त्री महतले एनसेल बिक्री प्रकरणमा सम्बन्धित निकायबाट जानकारी लिने काम भइरहेको र त्यसको आधारमा सरकार निष्कर्षमा पुग्ने बताए ।




नियमन गर्ने निकाय नेपाल दूरसञ्चार प्राधिकरण र राजस्वका सम्बन्धमा राजस्व अनुसन्धान एवं कर कार्यालयका पदाधिकारीसँग छलफल जारी रहेको भन्दै मन्त्री महतले त्यसपछि सरकार निष्कर्षमा पुग्ने बताए। "किनबेच

(बाँकी पाँचौं पातामा)


स्वास्थ्य क्षेत्रमा दिगो विकास, महिला सामुदायिक स्वास्थ स्वयंसेविकाको संयुक्त प्रयास भन्ने नाराका साथ २०औं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको अवसरमा मङ्गलवार मेलम्ची नगरपालिकाद्वारा मेलम्चीमा आयोजना गरिएको कार्यक्रममा सहभागी महिला स्वयंसेविकाहरू । तस्बिरः देवराज सुवेदी/रासस

# विमानस्थल बनाऔं ऋणको मूल फुटाऔं

स्वतन्त्र विचार



विनोद गुप्ता

**त्यसैले सरकारमा थोरै पनि इमानदारी छ भने निजगढ र धरान छाडेर पोखरा र भैरहवा कसरी पूर्ण क्षमताको सञ्चालन गर्न सकिन्छ, त्यसतर्फ सोच्ने र त्यो नहुने नै भए यस्ता योजनामा संलग्न व्यक्तिहरू उपर कारबाई गर्न सक्नुपर्छ।**

देशमा अहिले तीनवटा अन्तर्राष्ट्रियबाहेक ५३ वटा आन्तरिक विमानस्थल छन्। यी ५३ मध्ये ३१ वटा मात्र सञ्चालनमा रहेका, १८ वटा प्रयोगविहीन र चारवटा निर्माणाधीन अवस्थामा छन्। सञ्चालनमा रहेका दुईवटा क्षेत्रीय अन्तर्राष्ट्रिय भनिएको पोखरा र भैरहवाका साथै १४ वटा आन्तरिक विमानस्थल घाटामा नै रहेको छ। पूर्वको ताप्लेजुङ, इलाम, झापा र मोरङमा जिल्लापिच्छे विमानस्थल छन्, जसमध्ये इलाम विमानस्थल बल्ल नाफामा सञ्चालन हुन थालेको छ। दुईवटा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाटै कुरा शुरू गर्दा त्रिभुवन विमानस्थलको भार कम गर्न निर्माण गरिएका यी दुई विमानस्थलमा भारतले उडान अनुमति नदिएकोले अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन। त के सरकारलाई विमानस्थल बनाउनुअघि भारतबाट उडान अनुमति लिई सञ्चालन गर्न सकिँदैन भन्ने कुरा थाहा थिएन? र यति पनि थाहा थिएन भने किन सरकार चलाउनु। सांसद अमरेशकुमार सिंहले नेताहरूको सिन्डीकेटले १२ अर्ब लगानीको पोखरा विमानस्थल २२ अर्बमा निर्माण गर्न लगाएर १० अर्ब बाँडीचुँडी भ्रष्टाचार गरेको आरोपको जाँच हुन जरुरी देखिन्छ। किनभने सरकार स्वयम् यो विमानस्थल नचल्ने देखेर हाम्रा प्रधानमन्त्रीले चीनसमक्ष एक्जिम बैंकको ऋणलाई अनुदानमा परिणत गर्न गुहार माग्न पुगेको धेरै भएको छैन। अझ यतिले नपुगेर अब झन् निजगढ विमानस्थलको योजना जगाइँदैछ। वन्यजन्तु र वनविनाशको जगमा उभिएको यो विमानस्थलको दुष्प्रभाव जङ्गल फँडानी गरी बनाइएको पूर्व-पश्चिम राजमार्गको भन्दा कम हुनेछैन, जसले नेपालबाट चारकोसे झाडीको अस्तित्व नै मेटाइदिएको छ। आवश्यकताको सट्टा राजनीतिक र आर्थिक लाभका लागि बनाइने योजनाहरूको दुर्गतिको फल भने आम जनताले बोक्न बाध्य हुनुपरेको छ।

यसैक्रममा नेपालको वायुसेवाको इतिहासमा अत्यन्त इमानदार छविका पर्यटनमन्त्री सुदन किराँतीले धरानमा विमानस्थल निर्माणको सम्भाव्यता अध्ययन गर्ने आदेश जारी गर्नुभएको छ। धरानमा विमानस्थल निर्माणको सम्भाव्यता अध्ययन भने पहिलोपटक हुन लागेको भने होइन। यसभन्दा अगाडि पनि पाँच/छ पटक यस्तो अध्ययन भने भइसकेको छ। क्षेत्रीय विमानस्थलमा स्तरोन्नति हुन लागेको विराटनगर विमानस्थलबाट मात्र ४० किलोमिटरको दूरीमा अर्को विमानस्थल निर्माण गर्ने सम्भाव्यता अध्ययनलाई सामान्यरूपमा लिन सकिन्न। विराटनगरबाट धरान छ लेनको सडकले जोडिएको छ र नेपाल नागरिक उड्डयन नीति अनुसार पहाडमा २० नटिकल माइल र तराईमा ४० नटिकल माइलभन्दा कम्तीको दूरीमा विमानस्थल बनाउन मिल्दैन। विभिन्न माध्यमहरूबाट प्राप्त जानकारी अनुसार सन् २०१७ मा गरिएको सम्भाव्यता अध्ययन अनुसार एक हजार २५० मिटरको रनवे बनाउन नै ५.७ अर्ब रुपैयाँ र वार्षिक मरम्मतसम्भारमै ५० लाख रुपैयाँ लाग्ने अनुमान गरिएको थियो। अहिले यो मूल्य बढेर कति भइसक्यो होला अनुमान गर्न सकिन्छ। यतिविधि बाधा अड्चन हुँदाहुँदै फेरि किन यो आयोजना अगाडि सारिँदैछ भन्ने प्रश्न उठ्नु स्वाभाविक छ। इतिहास खोतल्दै जाँदा यसपालि फेरि धमिलो पानीमा माछा मार्ने प्रयास भइरहेको शङ्का लाग्न थालेको छ।

कुरा के भने यति एयरलाइन्सबाट अहिले यति समूह भएको प्रतिष्ठानले सन् २००४ मा धरानमा हवाईअड्डा बनाउन सात बिघा १८ कट्ठा जग्गा रु २८ हजार प्रतिकट्ठादेखि रु ४० हजार प्रतिकट्ठाको दरले जग्गा खरीद गरेको रहेछ। जसमा केही स्थानीयले विकासको नाममा जग्गादान पनि गरेका रहेछन्। धरान नगरपालिकाले पनि यसै कार्यको लागि थप सात बिघा जग्गा प्रदान गरेको रहेछ। तर यस सबका बावजूद नागरिक उड्डयन प्राधिकरणको कानून अनुसार निजी कम्पनीहरूलाई विमानस्थल निर्माण गर्न नमिल्ने व्यवस्था रहेको छ। यसरी लामो समयदेखि विमानस्थल त निर्माण हुन सकेन तर जग्गाको मूल्य अहिले रु ५० लाख प्रतिकट्ठासम्म पुगिसकेको छ र जग्गा दिने र बिक्री गर्नेहरूले विमानस्थल निर्माण नभएपछि २००४ कै मूल्यमा जग्गा फिर्ता गर्न दवाब दिन थालेकाले हाम्रा मन्त्रीज्यूले पशुपतिको जात्रामा सिद्राको व्यापार गर्ने कदम चाल्नुभएको रहेछ। अब सरकारले यहाँ विमानस्थल बनाउने निर्णय गऱ्यो भने अहिलेको प्रचलित मूल्यमा जग्गा किन्दा यति समूह मालामाल हुने र यसमा सहयोगी हुनेहरूले समेत आआफ्नो पद अनुसार मह खाने र चाट्न पाउने भएकोले पाँच/छ पटक अध्ययन भएर बन्न उपयुक्त नदेखिएको यो विमानस्थललाई फेरि जिउँदो पारिँदैछ। पोखरा र भैरहवा विमानस्थलपछि निजगढ र धरानका विमानस्थलले देशको लागि ऋणको पोको बोकाउने योजनाबाहेक अरू कुनै योगदान दिनेछैन।

प्रजातन्त्र बहालीपछि (वर्ष सम्झना भएन) त्रिभुवन विमानस्थलको चाप घटाउन अध्ययन थालिएको बेला वीरगंजकै एकजना उच्चस्तरका अधिकृतले सिमरा विमानस्थलको विस्तार प्राविधिक र आर्थिकरूपमा सबैभन्दा बढी सम्भाव्य देखिए पनि यसलाई अन्यत्र (भैरहवा र पोखरा) राजनीतिक दवाबमा लैजाने खालको निर्णय हुन सक्ने भएकोले यहाँका राजनीतिकर्मीहरूलाई सचेत गराउनुभएको थियो तर तत्कालीन क्याबिनेटमा त्यसरी आवाज उठाउन सक्ने कोही नभएकोले सिमराको छनोट हुन नसकेको हो। तर सत्यको सधैँ जीत हुन्छ। अहिले सिमरा विमानस्थलमा इन्धन भर्ने सुविधा थपिँदैछ। १२-१५ मिनेटको उडानलाई रिफ्युलिङको सुविधा चाहिँदैन। अन्तर्य के हो भने खराब मौसमलगायत अन्य कारणहरूले काठमाडौँमा होल्डमा बस्नुपर्दा हुन सक्ने तेलको अभावमा अन्य विमानस्थलमा फिर्ता हुनुपर्ने अवस्था आइपरेको बेला ए-३२० सम्मका जहाजलाई सिमरामै अवतरण गराउने र इन्धन भर्ने सुविधा प्रदान गर्न सकिने उत्तम विकल्प भएकोले सिमरा बाध्यताले छनोटमा फेरि पर्न गएको छ।

अन्त्यमा फेरि निजगढ विमानस्थलतर्फ फर्किदा अब २२ लाखको सट्टा पाँच/दश लाख रूख काटेर २० लाख बिरुवा नै वृक्षारोपण गर्दा रोपिएका बिरुवाहरूले काटिएका वयस्क रूख बराबरको अक्सिजन उत्सर्जन गर्न १० वर्ष लाग्नेछ। यो कमी कहाँबाट पूरा हुनेछ। त्यसैले सरकारमा थोरै पनि इमानदारी छ भने निजगढ र धरान छाडेर पोखरा र भैरहवा कसरी पूर्ण क्षमताको सञ्चालन गर्न सकिन्छ, त्यसतर्फ सोच्ने र त्यो नहुने नै भए यस्ता योजनामा संलग्न व्यक्तिहरू उपर कारबाई गर्न सक्नुपर्छ।

# नसोचेको खुशी पाउँदा ...

सिराहा, १९ मङ्सिर/रासस

संसार देख्ने आँखा अचानक बन्द भइदिंदा कति अन्धकार हुँदो हो! दैनिकी चलाउन कति असहज हुँदो हो? घरभित्र अथवा बाहिर हिंड्डुल गर्न कसैको सहयोग, दिसापिसाब गर्न पनि सहारा लिनुपर्दाको पीडा कति अप्ठ्यारो होलान् सहज अनुमान गर्न सकिन्छ।

सिराहा नगरपालिका-६ की ६० वर्षीया दारावती दासको जिन्दगी यस्तै पीडा, सङ्घर्ष र छटपटीबीच विगत एक वर्षदेखि चलिरहेको थियो। चार-पाँच वर्ष अगाडिदेखि उनको आँखाको ज्योति धूमिल हुँदै गएको थियो भने गएको एक वर्षदेखि पूरै ज्योति गुमेको थियो। दैनिक गुजारा चलाउन धौधौ पर्ने दलित परिवारमा उनको हेरचाह बुहारी अनीतादेवी दासले गरिरहेकी थिइन्। आर्थिक अवस्था कमजोर भएका कारण उपचार सम्भव भएको थिएन।

यसबीच, वडाले निश्शुल्क आँखा शिविर आयोजना गऱ्यो। उनको आँखामा मोतीबिन्दु भएको पत्ता त लाग्यो तर कसरी आर्थिक जोहो गर्ने त्यसको कुनै भेउ थिएन। आर्थिक अवस्था कमजोर भएका दारावतीजस्तै वडाका अन्य ५५ जना मोतीबिन्दुका बिरामीले आइतवार वडाध्यक्ष इन्द्रजीत यादवको पहलमा लहानस्थित सगरमाथा चौधरी आँखा अस्पतालमा गई आँखाको निश्शुल्क शल्यक्रिया गराएका छन्। पुन: आँखाको ज्योति पाएपछि दारावतीजस्तै अन्यको मुहारमा खुशी प्रस्ट देखिन्थ्यो।

"बुझायत छल, जे आब बुढारी नर्क भगेल। मुदा अपरेशन भगैल, आँखक रोशनी हमरा नव जिनगी देलक" (लागदथ्यो, बुढ्यौली उमेर नर्क बन्यो, तर शल्यक्रियापछि आँखाले ज्योति पायो। फेरि नयाँ जीवन पाएझैं लागेको छ) आइतवार शल्यक्रियापछि आँखाको ज्योति पाएर खुशीले दङ्ग हुँदै दारावतीले बयान गरिन्।

उनीजस्तै सोही वडाका ६५ वर्षीया किशोरी यादवले पनि नयाँ ज्योति पाएकामा उपचारमा संलग्न चिकित्सक र सहयोग गर्ने वडाध्यक्षलाई धन्यवाद दिँदै खुशी मनाइन्। "धेरै वर्ष भएको थियो आँखामा समस्या देखिएको, आर्थिक अवस्थाका कारण बाहिर गएर उपचार गराउन पनि पाएको थिइनँ," किशोरीले भनिन्, "तर अध्यक्षज्यूले सबैलाई अस्पतालसम्म लगेर निश्शुल्क उपचारको व्यवस्था मिलाइदिनुभयो। उपचार पाएर प्रस्ट आँखा देख्ने भएको छु। अत्यन्त खुशी लागेको छ।" अन्धकारबाट फेरि यो संसार हामीलाई हेर्नकै लागिरहेछ जनाउँदै उनले नसोचेको सुख बुढ्यौलीमा पाएको अनुभूति भएको बताइन्।

गाउँमा सञ्चालन भएको शिविरले गरीब, विपन्न, अशक्त, ज्येष्ठ नागरिक र बालबालिकालाई ठूलो राहत मिलेको वडाध्यक्ष इन्द्रजीतको भनाइ छ। "गाउँमा धेरैजसो न्यून आयस्तर भएका गरीब, दलित र विपन्नको बसोबास हुन्छ, उनीहरू स्वास्थ्यमा समस्या आएपछि उपचार गराउन आर्थिक अभावले गर्दा रोगसँग दिनहुँ लडेर बसिरहन बाध्य छन्, यस शिविरले गाउँका नागरिकलाई धेरै फाइदा पुगेको छ," उनले अगाडि भने, "जे जसरी सकिन्छ, राज्य हुनुको आभास नागरिकलाई दिलाउनु जनप्रतिनिधि तथा सरकारको दायित्व हो।"

शिविरमा सामान्य प्रकृतिको आँखासम्बन्धी समस्या भएका बिरामीलाई औषधि खान र लगाउन सुझाव दिइएको र शल्यक्रिया गरिनुपर्नेलाई भने उनीहरूको प्रयोगशाला परीक्षण, चिकित्सकलाई दिइने शुल्क, यस अवधिको आवश्यक औषधि र शल्यक्रियापछि केही दिनसम्म लगाउनुपर्ने कालो चश्मासमेत निश्शुल्क उपलब्ध गराइएको छ। जनप्रतिनिधि भएको हिसाबले आफ्ना नागरिक रोगसँग लडिरहँदा उपचारका लागि वडाको बजेट पर्याप्त नभएपछि सहयोगी निकाय खोजेर भएपनि नागरिकको उपचार गर्नुपर्छ भन्ने मान्यताले आफू लागिपरेको वडाध्यक्ष इन्द्रजीतले जानकारी दिए। यसका लागि 'हेल्पिङ ह्यान्ड्स नेपाल'को समेत आर्थिक सहयोग रहेको उनले बताए।

निश्शुल्क आँखा शिविरमा ३०५ आँखाका बिरामी पहिचान भएकामध्ये ७३ जनामा मोतियाबिन्दु पाइएको थियो। उनीहरूमध्ये पहिलो चरणमा ५५ जनाको शुक्रवारदेखि आइतवारसम्म गरी तीन दिनमा शल्यक्रिया गरिएको र बाँकीको पनि चाँडै गरिने वडा अध्यक्ष इन्द्रजितले जानकारी दिए।

उपचारका लागि जिल्लाकै सगरमाथा चौधरी आँखा अस्पताल लहानसम्म आवतजावत गर्नका लागि यातायातको समेत व्यवस्था गरिएको थियो। पछिल्लो समयमा मोतीबिन्दु उपचारको क्षेत्रमा फिसहुक, फेकोजस्ता नवीन प्रविधिबाट आँखाको उपचार गर्दै आएको अस्पतालको गुणस्तरीय उपचारका कारण नेपालसहित छिमेकी राष्ट्र भारतबाट समेत बिरामीको सङ्ख्या बढिरहेको जनाइएको छ।

# मनाङमा भारी हिमपात, जनजीवन कष्टकर

मनाङ, १९ मङ्सिर/रासस

देशैभर मौसम प्रतिकूल रहेसँगै विकट जिल्ला मनाङमा भारी हिमपात भएको छ। अहिले मनाङमा हिमपात हुने बेला हो। कात्तिक अन्तिम सातादेखि यहाँ हिमपात हुने समय हो। यस वर्ष समयमै हिमपात हुँदा किसानमा खुशी छाएको छ।

मनाङ डिस्याङ गाउँपालिका-५ भ्राकाका पशुपालक किसान सोनाम लामाले परिवारका अन्य सदस्य काठमाडौं गए पनि आफू र आमा भने पशुचौपायाको हेरचाहका लागि गाउँमै बसेको बताए। उनले भने, "परिवारका अरू सदस्य काठमाडौं गए। हामीजस्तै यिनलाई पनि भोक लाग्छ, त्यसैले हेरचाह गर्न यहीं छौं आमा र म।" हिमपात भएपछि चीसो बढेको उनले बताए।

त्यसैगरी, मनाङ डिस्याङ-१ का पशुपालक किसान याडदुङ गुरुङले यस वर्ष समयमा हिमपात हुँदा स्थानीयवासी खुशी भएका बताए। उनले भने, "अहिले परेको हिउँ फागुन, चैतसम्म रहन्छ र पानी खेतीपातीलाई पानी पुग्छ। यसले उत्पादन पनि राम्रो हुन्छ। हिमपात हुँदा चीसोले पशुचौपायालाई घाँसपात र कुँडोपानी गर्न र घरबाहिर निस्कने मुश्किल भएको छ।"

किसान गुरुङको अनुसार चीसोले जनजीवन कष्टकर बने पनि समयमा हिमपात हुँदा खेतीपातीका लागि टेवा (बाँकी पाँचौं पातामा)

## फरक समाचार

# मैक्युलर एडिमा के हो ?

मानव शरीरको पाँच इन्द्रियमध्ये सबैभन्दा महत्त्वपूर्ण इन्द्रिय हो- आँखा। रेटिना एउटा कोमल परत हो र यसले हामीलाई दुनियाँका विभिन्न वस्तु हेर्न मदत गर्छ। बदलिंदो जीवनशैली र स्वास्थ्यलाई बेवास्ता गर्दा रेटिना र आँखासम्बन्धी रोग बढ्छ।



रेटिना के हो? रेटिना हाम्रो आँखाको पछाडि भित्री भागमा मौजुद एउटा परत हुन्छ, जुन क्यामराको फिल्मजस्तो काम गर्छ। यसमा थुप्रै फोटोरिसेप्टर कोशिका हुन्छन्, जसले प्रकाशको किरणलाई समात्छ र मस्तिष्कसम्म पठाउँछ। मस्तिष्कले यसलाई एउटा छविसरह बुझ्छ र यसैबाट हामी वस्तुलाई हेर्छौं। आँखाको निकै गम्भीर रोग रेटिनामा खराबीको कारण हुन्छ। मधुमेह, सेन्ट्रल होल र उमेरसँग सम्बन्धित रेटिनल डिजनरेशन जस्ता रोगले रेटिनल कोशिकामाथि प्रभाव पार्छ र त्यसलाई नोक्सान पुऱ्याउँछ र अन्धोपनको कारण बन्छ। कैयौं समस्याका कारण रेटिना सुन्निन्छ, जसलाई मैक्युलर एडिमा भनिन्छ।

**मैक्युलर के हो?** मैक्युलर एडिमा तब हुन्छ, जब मैक्युलामा असामान्य तरल पदार्थ जम्मा हुन्छ, जसबाट यो सुन्निन्छ। हाम्रो रेटिनाको मध्यभागलाई मैक्युला भनिन्छ। अधिकांश फोटोरिसेप्टर मैक्युलामा नै हुन्छ। मैक्युलाको कारण हामी नजीक र टाढाको कुरा राम्ररी हेर्न सक्छौं। मैक्युला सुन्निने वा तरल पदार्थ जम्मा हुने वा छिद्र अथवा झिल्लीबाट प्रभावित हुन सक्छ। कहिलेकाहीं मैक्युलामा रगत पनि जम्मा हुन्छ। यदि समयमा यसको उपचार गरिएन भने यी सबै मैक्युलर रोगले हाम्रो दृष्टिलाई स्थायीरूपले नोक्सान पुऱ्याउन सक्छ।

**मैक्युलर रोगका लक्षण:** मैक्युलर रोगको सामान्य लक्षण भनेको पढ्न कठिनाइ, केन्द्रीय धमिलोपन, बीचमा कालो धब्बा, दृष्टि कम हुनु वा सोझो रेखा बाङ्गो देखिनु, तीव्र प्रकाशमा हेर्न समस्या यसको लक्षण हुन सक्छ। मैक्युलर रोग लक्षणविना पनि हुन सक्छ।

**कारण:** मैक्युलर रोगको अलग-अलग कारण हुन सक्छन्। मैक्युलर एडिमाको सबैभन्दा सामान्य कारण मधुमेह हो। मैक्युलर रोग त्यस्ता व्यक्तिलाई पनि हुन सक्छ, जसको परिवारमा खराब दृष्टिको इतिहास हुन्छ। यसको अलावा निम्नलिखित कारणबाट पनि मैक्युलर रोग हुन सक्छ: आँखामा चोट, टयुमरको प्रभाव, केन्द्रमा खिचावको प्रभाव, केन्द्रमा छिद्र, आनुवंशिक विकार, मोतीबिन्दु वा ग्लुकोमा शल्यक्रियापछि सुन्दिा पनि यो रोग लाग्न सक्छ।

**उपचार:** यदि कसैलाई मैक्युलर रोग हुन्छ भने भविष्यमा हुने समस्याबाट बच्नको लागि यसको समयमा उपचार गर्न सकिन्छ। मैक्युलामा असामान्य रक्तवाहिकाको उपचार हुन्छ। मैक्युलर एडिमाको लागि प्रचलित सबैभन्दा सामान्य उपचार इन्ट्राविट्रियल इन्जेक्शन हो। यदि सुजन केन्द्रीय क्षेत्रलाई प्रभावित गरिरहेको छैन भने फोकल लेजरबाट यसको उपचार हुन्छ।

**इन्ट्राविट्रियल इन्जेक्शन:** इन्ट्राविट्रियल इन्जेक्शन टफिकल एनेस्थिसियाको तहत आँखाको सेतो भागको माध्यमबाट लगाइन्छ र सल्लाह दिइन्छ कि कुनै प्रशिक्षित रेटिना विशेषज्ञबाट इन्ट्राविट्रियल इन्जेक्शन प्राप्त गर्ने। यदि तपाईलाई मैक्युलर रोगको साथसाथै मोतीबिन्दु वा ग्लुकोमा पनि छ भने यसको उपचार एकसाथ वा रेटिनल रोग निको भएपछि गर्न सकिन्छ।

**फोकल लेजर उपचार:** यस उपचारमा रक्तवाहिकाको फोकल लिकलाई निकै हलुको लेजर बर्नद्वारा सिल गरिन्छ। ध्यानपूर्वक चुनिएको फोकल मैक्युलर एडिमाको मामिलामा यस्तो गर्दा सुधार हुन सक्छ।

**विट्रोक्टोमी सर्जरी:** मैक्युलर रोगको लागि सूक्ष्म शल्यक्रियालाई विट्रोक्टोमी भनिन्छ। यस शल्यक्रियामा आँखाको सेतो भागमा तीनवटा सानो छिद्र गरेर विट्रियसजेलीलाई हटाइन्छ। त्यसपछि सर्जन विभिन्न झिल्लीलाई हटाएर र लेजर गरेर मैक्युलर रोगलाई ठीक गर्छ। विट्रोक्टोमी शल्यक्रिया अहिलेसम्मकै सबैभन्दा सुरक्षित हो र यदि समयमा यसबाट उपचार गराइयो भने राम्रो परिणाम पाइन्छ।

# मुटुको ढुकढुकी तीव्र हुनुको कारण

आजको समयमा मुटुको रोग बढ्न थालेको छ। प्राय: चलचित्रमा मुटुको ढुकढुकी तीव्र हुनु प्रेमको अनुभूति बताइन्छ तर वास्तविक जिन्दगीमा विपरीत हुन्छ। यो प्रेमको अनुभूति नभई गम्भीर समस्याको सङ्केत हुन सक्छ। यस रोगलाई एट्रियल फिब्रिलेशन भनिन्छ। यो मुटुको ढुकढुकीसँग सम्बन्धित रोग हो, जुन आज लाखौं व्यक्तिलाई प्रभावित गरिरहेको छ।



एट्रियल फिब्रिलेशन एउटा गम्भीर स्थिति हो। यसमा व्यक्तिको मुटुको ढुकढुकी अचानक तीव्र हुन्छ, यद्यपि हृदयघात हुँदैन तर स्थिति निकै गम्भीर हुन सक्छ र रोगीलाई पेसमेकरसम्म लगाउनुपर्छ। मुटुको माथिल्लो च्याम्बरमा इलेक्ट्रिल इम्पल्समा बाधा आएपछि यस्तो हुन्छ।

सरल भाषामा भन्नुपर्दा स्वस्थ मुटुमा इलेक्ट्रिकल सिग्नल हार्ट बिटलाई नियन्त्रित गर्छ। यो सिग्नल सिनोट्रियल (एसए) नोडमा पैदा हुन्छ, एट्रियल फिब्रिलेशनमा यो इलेक्ट्रिक सङ्केत गडबड हुन्छ र एट्रियल यानी मुटुको माथिल्लो भाग खुम्चिनुको सट्टा काम्न थाल्छ, जसबाट मुटुको ढुकढुकी अचानक बढ्छ। यस समस्याको कारण रक्तसञ्चार मुटुको हरेक चेम्बरमा सही तरिकाले हुन सक्दैन, जसबाट हृदयघात, कार्डियक अरेस्ट, स्ट्रोक र मुटुका अन्य समस्याको खतरा कैयौं गुना बढ्छ।

**लक्षण:** ढुकढुकी तीव्र हुनु, थकान, चक्कर लाग्नु, बेहोश हुनु, सास फेर्न समस्या, ढुकढुकी गुम्नु, छाती दुख्नु, विना कुनै लक्षणको रोग लाग्नु।

**कारण:** मधुमेह, बढी वजन, बढ्दो उमेर, रक्सी र धूमपान, फोक्सोसम्बन्धी रोग, मुटुसम्बन्धी रोग, बढी कैफिन सेवन, थाइरायड, स्लिप एपनिया।

**कसरी जोगिने:** मुटुमाथि निगरानी राख्ने, स्वस्थ आहार, नून, ट्रान्स फैट र चिनीलाई सीमित गर्ने, फल, तरकारी र साबुत अन्नले भरिपूर्ण सन्तुलित आहार लिने, व्यायाम गर्ने, तनाव हुन नदिने, पानी धेरै पिउने, अल्कोहल र कैफिनबाट बच्ने, सात-आठसम्म घण्टा सुत्नुपर्छ। प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# बेलायतमा अध्यागमनमा कडाइः अन्तर्राष्ट्रिय विद्यार्थीलाई परिवार ल्याउन सकस

लन्डन, १९ मङ्सिर/एएनआई

बेलायतका प्रधानमन्त्री ऋषि सुनकले सोमवार देशमा बढ्दो अध्यागमनलाई रोक्न नयाँ कदमहरू चालिएको घोषणा गरेका छन्। प्रधानमन्त्री सुनकका ती नयाँ कदमहरूलाई अध्यागमन दर घटाउने सरकारको 'कट्टरपन्थी कार्य'को रूपमा वर्णन गर्दै बेलायतलाई फाइदा पुऱ्याउने सुनिश्चित रहेको निष्कर्ष निकालिएको छ।


तस्वीरः एजेन्सी

नयाँ उपायहरूका शृङ्खलाको रूपमा सरकारले अन्तर्राष्ट्रिय विद्यार्थीहरूले जबसम्म स्नातकोत्तर अनुसन्धान पूरा गर्दैनन्, तबसम्म उनीहरूको परिवारलाई बेलायतमा ल्याउनबाट रोक लगाइनेछ। साथै यो कदमबाट दक्ष विदेशी कामदारहरूले देशमा काम गर्न भिसा थप्न चाहे न्यूनतम पारिश्रमिक बढाउनुपर्ने बाध्यता सिर्जना हुनेछ।

प्रधानमन्त्री सुनकले भने– "अध्यागमन धेरै उच्च छ। आज हामी यसलाई घटाउन कट्टरपन्थी बनेर कारबाई गरिरहेका छौं। यी कदमहरूले बेलायतलाई फाइदा पुऱ्याउने कुराको सुनिश्चित गर्नेछ।

यस नयाँ प्रावधान अन्तर्गत स्नातकोत्तर अनुसन्धान डिग्रीमा नपुगेसम्म विदेशी विद्यार्थीहरूलाई आफ्नो परिवारलाई बेलायतमा ल्याउन प्रतिबन्ध लगाउनेछ।

बेलायतमा कुल माइग्रेसन गत वर्ष उच्चस्तरमा पुगेको आधिकारिक तथ्याङ्कले देखाएको छ। यसले बेलायत सरकारलाई दबाब थपेपछि यस मुद्दालाई राजनीतिक विषय बनाइएको सिएनएनले उल्लेख गरेको छ।

बेलायतमा सन् २०२२ मा छ लाख छ हजार मानिसको बसाइँसराइ भएको राष्ट्रिय तथ्याङ्कको कार्यालय (ओएनएस)ले जनाएको छ।

त्यसैगरी, १२ लाख मानिस बेलायत प्रवेश गरेका छन् भने, झन्डै आधा सङ्ख्याले देश छोडेर गएका छन्।

सिएनएनका अनुसार कन्जरभेटिभ सरकारहरूले बेलायतमा सर्ने मानिसहरूको सङ्ख्यामा ठूलो मात्रामा कमी ल्याउने वाचा गरे तापनि सहजरूपमा त्यसो हुन सकेको छैन। विशेषगरी ब्रेक्सिटको परिप्रेक्ष्यमा हेर्दा यसका समर्थकहरूले सिमानाहरू नियन्त्रण गर्न बेलायतलाई आवश्यक कदमको रूपमा यो पछिल्लो कदमलाई लिएका छन्।

बेलायत आइपुगेका अधिकांश मानिस नौ लाख २५ हजार गैरइयू नागरिक रहेका र तीमध्ये १२ जनामा एकजनामध्ये एकजना शरण खोज्ने रहेको तथ्याङ्कले देखाएको छ। गैरइयू देशहरूबाट बेलायत बसाइँ सर्नेहरूमा कामको खोजी, अध्ययन र मानवीय उद्देश्य प्रमुख रहेको ओएनएसमा अन्तर्राष्ट्रिय आप्रवासन केन्द्रका निर्देशक जे लिन्डोपले उल्लेख गरेका छन्।

यसैगरी, गत वर्ष बेलायतको अध्यागमन तथ्याङ्कका अनुसार सबैभन्दा धेरै भारतीय नागरिक बेलायतमा अध्ययन, कामको खोजी र पर्यटन भिसा बोकेर प्रवेश गरेका थिए।

जून २०२२ को अन्त्यमा दुई लाख ५८ हजारभन्दा बढी भारतीय नागरिकले भ्रमण भिसा प्राप्त गरेका छन्, यो अघिल्लो वर्षको तुलनामा ६३० प्रतिशतले बढी हो। रासस


**सुन्दर घोडेपानीः** चक्रीय अन्नपूर्ण पदमार्गले समेटिएको म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिका–६ मा अवस्थित पर्यटकीयस्थल घोडेपानीको मनोरम दृश्य। यहाँबाट धौलागिरि र अन्नपूर्ण हिमशृङ्खलाको अवलोकन गर्न सकिन्छ। तस्बिरः रासस

# मुलुकका लागि माओवादी रूपान्तरण हुनुपर्ने

महोत्तरी, १९ मङ्सिर/रासस

प्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पार्टीका कार्यकर्ताको रूपान्तरणको सवाल मुलुकसँग गाँसिएको बताएका छन्।

महोत्तरीको गौशालामा मङ्गलवार आयोजित पार्टीको तीन महीने रूपान्तरण अभियानको मधेस प्रदेशस्तरीय समीक्षा बैठक र प्रशिक्षण कार्यक्रममा प्रधानमन्त्रीले पार्टीका नेता, कार्यकर्ता रूपान्तरित भए मात्र सङ्घीय लोकतान्त्रिक गणतन्त्र सबल हुने बताए।

"मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको बिगुल नेकपा माओवादीले फुकेको हो," प्रधानमन्त्री प्रचण्डले नेता तथा कार्यकर्तालाई प्रेरित गर्दै भने, "यसको स्थायित्व र सबलीकरणको नेतृत्व पनि हामीले नै गर्नुपर्छ।" स्वार्थभन्दा माथि उठेर काम गर्न उनले निर्देशन दिए।

"हामीमाथि मुलुकको बृहत् कार्यभार छ, हामीले आफ्नो चरित्र बिगार्नुहुँदैन, गलत बाटोमा लागेको भए तत्काल सच्चिनुपर्छ," प्रधानमन्त्रीले भने, "त्यही सच्चिन, रूपान्तरित हुनु अभियानको अभीष्ट हो।" अभियानका क्रममा जनसरोकारका मुद्दा पार्टीका नेता, कार्यकर्ताले उठाउन र उजागर गर्न उनको अपील छ। अभियानमा जोडिएका सबै नेता, कार्यकर्ताको मूल्याङ्कन पार्टी नेतृत्वले गरिरहेको उनले बताए।



तस्वीरः रासस

मधेस प्रदेश प्रमुख लीलामणि पोखरेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेस प्रदेशका सबै केन्द्रीय सदस्य, प्रदेश समितिका पदाधिकारी तथा सदस्य, रूपान्तरण अभियानका जिल्ला संयोजक र सम्बद्ध सदस्यलगायत सहभागी थिए।

# बस दुर्घटना हुँदा थाइल्यान्डमा १४ जनाको मृत्यु, ३५ जना घाइते

बैंकक, १९ मङ्सिर/सिन्हवा

थाइल्यान्डमा बस दुर्घटना हुँदा १४ जनाको मृत्यु भएको छ भने २५ जना घाइते भएका छन्।

दक्षिण थाइल्यान्डको प्राचुआप खिरी खान प्रान्तमा यात्रीवाहक बस सडकबाट चिप्लिएर रूखसँग ठोकिंदा कम्तीमा १४ जनाको मृत्यु भएको छ भने ३५ जना घाइते भएका छन्।

उक्त बस राजधानी बैंककबाट सोङ्खला प्रान्तको नथवी जिल्लातर्फ गइरहेको थियो।

दुर्घटनाको कारण ज्ञात हुन सकेको छैन। प्रहरीले अनुसन्धान गरिरहेको जनाइएको छ। रासस

# नारायणगोपाल स्मृति सम्मान तारादेवी र गणेश रसिकलाई

काठमाडौं, १९ मङ्सिर/रासस

स्वरसम्राट नारायण गोपाल गुरुवाचार्यको ३३औं स्मृति दिवसका अवसरमा स्वर किन्नरी तारादेवी (मरणोपरान्त) र सङ्गीतकार गणेश रसिक (राई)लाई सम्मान गरिएको छ।

नारायणगोपाल सङ्गीत कोष र सांस्कृतिक संस्थानद्वारा मङ्गलवार आयोजित कार्यक्रममा कोषका अध्यक्ष उषा शेरचनले उनीहरूलाई नारायणगोपाल स्मृति सम्मान एवं विशेष पुरस्कार प्रदान गरे। पुरस्कारको राशि जनही रु ५१ हजार रहेको छ।

दिवङ्गत तारादेवीलाई प्रदान गरिएको सम्मान तथा पुरस्कार तारादेवी स्मृति प्रतिष्ठानका उपाध्यक्ष भुवन चन्दले ग्रहण गरिन्। अग्रज स्रष्टा तारादेवीले तीन हजार पाँच सय बढी गीतमा स्वर दिएकी छन्।

सो अवसरमा सम्मानित व्यक्तित्व रसिकले स्वरसम्राट नारायणगोपालसँगको सहकार्यका अनुभूति सुनाउँदै उनको गीत सङ्गीतविना सुगम सङ्गीत अपूरो हुने बताए। कार्यक्रममा विभिन्न कलाकारले नारायणगोपालले गाएका विभिन्न गीत प्रस्तुत गरेका थिए।

# १२ वर्षपछि नेपाल स्काउटमा निर्वाचन

काठमाडौं, १९ मङ्सिर/रासस

१२ वर्षको अन्तरालपछि नेपाल स्काउटको स्थानीय, प्रदेश र राष्ट्रिय परिषद्को निर्वाचन गर्ने तयारी भएको छ।

बालबालिका तथा युवाहरूको अनौपचारिक शिक्षाका क्षेत्रमा कार्यरत स्काउटको स्थानीय परिषद्को निर्वाचन आगामी पुस २७ देखि २९ गतेसम्म तथा प्रदेश परिषद्हरू र राष्ट्रिय परिषद्को निर्वाचन आगामी माघ ६ गते सम्पन्न गर्ने मिति तोकिएको तदर्थ समितिका संयोजक एवं प्रमुख आयुक्त लोकबहादुर भण्डारीले जानकारी दिए। निर्वाचनअघि यही मङ्सिर ३० गतेभित्र 'अनलाइन' सदस्यता आवेदन भर्न सूचना जारी गरिएको छ। ती निर्वाचन पर्यवेक्षणका लागि विश्व स्काउट सङ्गठन (ओजम) र वाग्सका अन्तर्राष्ट्रिय प्रतिनिधिलाई आमन्त्रण गरिएको जनाइएको छ। विसं २०६८ मा निर्वाचन भएयता स्काउटमा निर्वाचन हुन सकेको छैन। विसं २०७० मा तत्कालीन प्रमुख आयुक्तले राजीनामा दिएपछि नेपाल स्काउट तदर्थ समितिका आधारमा चल्दै आएको छ।

नेपाल स्काउट ऐन, २०५० अनुसार प्रत्येक चार वर्षमा आवधिक निर्वाचन हुने व्यवस्था भएपनि आन्तरिक विवादका कारण चुनाव हुन सकेको छैन।

# विश्व मिडिया शिखर सम्मेलनले चीन–अफ्रिका सहयोग बलियो बनाउने

आक्रा, १९ मङ्सिर/सिन्हवा

विश्व मिडिया शिखर सम्मेलनले चीन–अफ्रिका सहयोग गहिरो बनाउने विश्वास गरिएको छ।

दर्जनौं अफ्रिकी मिडिया प्रतिनिधिहरूबीच जारी विश्व मिडिया शिखर सम्मेलनले चीन–अफ्रिका सहयोगबारे विश्वव्यापी मिडिया आउटलेटहरूको समझदारी बढाउने घानास्थित मिडियाले जनाएका छन्। शिखर सम्मेलनले अफ्रिकी मिडिया आउटलेटहरूका लागि विश्वभरका आफ्ना समकक्षीहरूसँग अन्तर्क्रिया गर्नका लागि महत्त्वपूर्ण प्लेटफर्मको रूपमा काम गरेको न्यूज गहका प्रबन्ध निर्देशक रोजर अगानाले बताएका छन्। पाँचौं विश्व मिडिया शिखर सम्मेलन आयोजना भएको चिनियाँ शहर ग्वाङ्झाउमा शुक्रवार अवतरण गरेकी अगानाले भनेकी छन्– म विश्वसँग घुलमिल हुन तयार छु, विश्वले अफ्रिका र चीनको वास्तविकता थाहा पाउनु आवश्यक छ र उनीहरूले कसरी दुवै देशका जनतालाई फाइदा पुऱ्याउन सहयोग गरिरहेका छन्।"

विभिन्न पक्षमा चीन–अफ्रिका सहयोगले सम्पूर्ण विश्वको लागि राम्रो उदाहरण प्रस्तुत गरेको छ। उनले चीन मैत्रीपूर्ण सहयोगका लागि सधैं तयार रहेको बताएकी छन्। अगानाले चीनद्वारा प्रस्तावित बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई)बाट अफ्रिकाले व्यापार प्रवर्द्धन गर्न र त्यहाँको पूर्वाधार विकासमा भूमिका खेल्न ठूलो फाइदा पुगेको धारणा राखेकी छन्।

बिआरआई प्रशंसनीय परियोजना भएको र यसले सडक, रेलवे, बन्दरगाह र विमानस्थल निर्माण गर्न मदत गरेको र अफ्रिका महाद्वीपमा व्यापार सहजीकरणका लागि पूर्वाधारको मेरुदण्ड बनेको उनले बताइन्। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
| --- | --- | --- | --- |
| मेष | शत्रुभय | वृष | सुसमाचार |
| मिथुन | उदरपीडा | कर्कट | विजय |
| सिंह | कान्तिक्षय | कन्या | भाग्योदय |
| तुला | बेचैनी | वृश्चिक | मनोरञ्जन |
| धनु | कर्मप्राप्ति | मकर | अस्वस्थता |
| कुम्भ | वादविवाद | मीन | यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### मनाङमा ...

पुग्नेछ। हिमपात भएपछि स्थानीयवासीमा खेतीपातीका लागि पानी सिञ्चित हुने भएकाले उनीहरू खुशी भएका हुन्। यस समयमा परेको हिउँ फागुन, चैतसम्म रहने भएकाले सिंचाइका लागि पानी बोटबिरुवाको जरासम्म पुग्छ। हिमपात भएपछि यहाँ आवतजावत र दैनिक कामकाज गर्न सकस भएको छ।

प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानले हिमपातका कारण जनजीवन कष्टकर भएको बताए। उनले हिमपात जारी रहेकाले पर्यटक, स्थानीयवासी, कर्मचारी, कामदारलाई सचेत रहन आग्रह गरे। सदरमुकाम चामेसम्म भारी हिमपात भइरहेको छ भने नासों गाउँपालिकाको डाँडाकाँडामा हिमपात भएको छ।

हिमपात भएपछि स्थानीयवासी, पर्यटकलगायत सबै घरभित्र बस्न बाध्य भएका छन्।

### एनसेल बिक्री ....

गर्ने निकायले, नियमन गर्ने निकायसँग त्यसको अनुमति लिएर किनबेच गर्नुपर्ने व्यवस्था छ। त्यसको बावजूद बाहिर नै किनबेच भयो भन्ने कुरा आएको छ। यसको गहिराइमा हामी पुग्छौं, हाम्रो कानूनी व्यवस्था जे छ, कानूनी व्यवस्थाको आधारमा यसको गहिराइमा गएर विश्लेषण गरी सरकार निष्कर्षमा पुग्नेछ," अर्थमन्त्रीले भने। किनबेच हुने कुरा कुनै अनौठो विषय नभएको तर विधिपूर्वक कानूनी व्यवस्था अनुसार भयो कि भएन भन्ने कुरा प्रमुख रहेको उनले बताए।

"कानूनी व्यवस्था अनुसार किनेबेच भयो भएन भन्ने हो, कुनै कारणले रकम कम देखाएको त छैन, त्यसको यथार्थ मूल्यभन्दा के कारणले तल भयो, त्यसको छानबीन हुनुपर्छ," अर्थमन्त्री डा महतले भने, "तर किनबेच हुँदैमा लगानीकर्ता आउन खोजेनन्, हाम्रो अर्थनीति ठीक भएन भन्ने होइन।" अर्थमन्त्री डा महतले अर्थतन्त्र बिस्तारै लयमा फर्किन लागेको बताए। उद्यमीका समस्या सम्बोधन गर्न राष्ट्र बैंकमार्फत गृहकार्य भइरहेको उनले बताए। बैंकसँग ऋण लिएपछि जसरी पनि तिर्नुपर्नेमा उनले जोड दिए।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# पर्सागढी नपाद्वारा कालोपत्र सडकको निरीक्षण





तस्वीरः प्रतीक

बलिराम शुक्ला, बिरुवागुठी, १९ मङ्सिर/

पर्सागढी नगरपालिका–१ जनता सडकसँग जोडिएको कोइलाभार प्रवेशद्वारदेखि कोइलाभार मन्दिर जाने बाटोको कालोपत्रको निरीक्षण गरिएको छ ।

पर्सागढीका प्रमुख प्रशासकीय अधिकृत छविरमण भट्टराईलगायत प्राविधिक टोलीले कालोपत्र भएको सो सडकको निरीक्षण गरेको हो ।

पर्सागढी नपाको चालू आर्थिक वर्ष २०८०/८१ को नगरस्तरीय भौतिक पूर्वाधार विकास कार्यक्रम अन्तर्गत कोइलाभार प्रवेशद्वारदेखि कोइलाभार मन्दिर जाने पौने दुई किलोमिटर सडकमा कालोपत्र गरिंदैछ ।

रु दुई करोड १९ लाख २८ हजारको लागतमा निर्माण व्यवसायी जिएस थोकर/गोविन्द ज्वाइन्ट भेन्चरले सम्झौता गरेको छ ।

निरीक्षणको क्रममा देखिएका कमीकमजोरीलाई सुधार गरी प्राविधिक लगत अनुसार गुणस्तरीय कार्य गर्न निर्माण व्यवसायीलाई निर्देशन दिइएको प्रमुख प्रशासकीय अधिकृत भट्टराईले बताए । वडाध्यक्ष राजकपूर खवास थारू, पर्सागढी नपा प्राविधिक शाखाका प्रमुख इन्जिनीयर जङ्गविजय साह, प्राविधिक धीरेन्द्रप्रसाद यादवलगायतले निरीक्षण गरेका थिए ।



**गन्तव्य कहाँ तर जोखिम यात्राः** पुराना कपडा पेलेर डसना, सिरक, चकटी तयार गर्ने मेशीनको टेलरमा चढेर पूर्व–पश्चिम महेन्द्र राजमार्गको निजगढ सडकखण्ड भएर पूर्व गन्तव्यतर्फ जाँदै । तस्वीरः जीतलाल श्रेष्ठ

# पटेर्वासुगौलीमा महिला स्वास्थ्य स्वयंसेविका दिवस

प्रमोद यादव, पंचगावाँ, १९ मङ्सिर/

पटेर्वासुगौली गाउँपालिका स्वास्थ्य शाखाद्वारा आयोजित २०औं राष्ट्रिय सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका दिवस महिला स्वास्थ्य स्वयंसेविकाहरूले मनाएका छन् । 'स्वास्थ्य क्षेत्रमा दिगो विकासः महिला स्वास्थ्य स्वयंसेविकाको संयुक्त प्रयास' नाराका साथ गापा अध्यक्ष दिनेशकुमार चौधरीको प्रमुख आतिथ्य र उपाध्यक्ष ममता महतोको अध्यक्षतामा दिवस मनाइएको हो ।

कार्यक्रममा गापाका स्वास्थ्य शाखा प्रमुख भुजेन्द्रप्रसाद यादवले महिला स्वास्थ्य स्वयंसेविकाहरूको सहयोगले गापामा बाल मृत्युदर घटेको, बालबालिका तथा गर्भवती महिलामा पोषणको अवस्था राम्रो रहेको बताए । कार्यक्रममा कार्यपालिका सदस्य सजिना विक, निचुटा स्वास्थ्य चौकीका इन्चार्ज प्रमोदकुमार कर्ण, पोषण स्वयंसेविका अनीता पञ्जियार तथा गापाकाका पाँचवटै वडाका ३६ जना महिला स्वास्थ्य



तस्वीरः प्रतीक

स्वयंसेविकाहरूको सहभागिता थियो । कार्यक्रममा उत्कृष्ट कार्य गर्ने स्वयंसेविका लालमतीदेवी थरुनीलाई प्रथम, साबरून नेसालाई द्वितीय तथा तेजकुमारी बस्नेतलाई तृतीय पुरस्कार वितरण गरिएको थियो ।

# सिलाइकटाइ तालीम सम्पन्न

प्रस, परवानीपुर, १९ मङ्सिर/

'सीप सिकौं, रोजगार गरौं' नाराका साथ ४५ दिने (९० घण्टे) सिलाइकटाइ तालीम मङ्गलवार सहभागीहरूलाई प्रमाणपत्र वितरण गरी समापन भएको छ ।

वीरगंज महानगरपालिका २५ नं वडा कार्यालयको सहयोग र सरिता सीप कला केन्द्र, वीरगंजको आयोजनामा सो तालीम समापन भएको हो । तालीम समापन कार्यक्रममा वडाध्यक्ष आशुतोष चतुर्वेदीले आफ्नो वडाका महिलाहरूको क्षमता विकाससँगै आर्यआर्जनमा टेवा पुग्ने उद्देश्यले तालीम आयोजना गरिएको बताए ।

कार्यक्रममा वडा सचिव हरेराम चौधरी, महिला वडा सदस्य फुलेनिया देवी, तेतरी देवी, जगदीश साह तुरहा, बँका पटेल, प्रशिक्षक राधा चौधरी, सहायक प्रशिक्षक लक्ष्मी शर्मालगायत



तालीममा सहभागी ३० जना महिलाको सहभागित थियो ।

सरिता सीप कला केन्द्र, वीरगंजकी अध्यक्ष सरिता गुप्ताको अध्यक्षतामा कार्यक्रम समापन भएको थियो ।

# कार्यालय प्रमुख नहुँदा कामकाज प्रभावित

प्रस, रौतहट १९ मङ्सिर/

रौतहट जिल्लास्थित इलाका प्रशासन कार्यालय, गरुडामा लामो समयदेखि कार्यालय प्रमुख नहुँदा कार्यालयको कामकाज प्रभावित हुँदै आएको छ ।

गृह मन्त्रालयले इप्रका, गरुडाको कार्यालय प्रमुखमा शाखा अधिकृत वा निमित्त प्रमुखको नयाँ व्यवस्था नगर्दा एक महीनादेखि सेवा प्रभावित हुँदै आएको सेवाग्राहीहरूको गुनासो रहेका छन् ।

निमित्त कार्यालय प्रमुख नायब सुब्बा रामस्वार्थ राय यादवको छ महीनाको समयावधि सकिएको र मन्त्रालयले समयावधि थप नगरेकोले सेवाग्राही मर्कामा पर्नुका साथै सेवा प्रभावित हुँदै गएको गुनासो छ ।

इप्रका, गरुडाको कामकाजका लागि मन्त्रालयले नायब सुब्बा यादवलाई निमित्त प्रमुखको जिम्मेवारी दिएको समयावधि गत कात्तिक १५ गते सकिएको हो ।

विगत चार वर्षदेखि कार्यरत यादवलाई मन्त्रालयले पटक–पटक निमित्त प्रमुखको जिम्मेवारी दिंदै आएको थियो ।

कार्यालय प्रमुखको व्यवस्था नगर्दा नागरिकता वितरण, मधेसी, दलित, जनजाति प्रमाणीकरण तथा सिफारिश गर्नेलगायतका सेवा प्रभावित हुँदै गएको गुनासो छ ।

सेवाग्राहीको कामकाज प्रभावित नहोस् भन्ने उद्देश्यले अर्को कार्यालय प्रमुखको व्यवस्था नहुन्जेलसम्मको लागि जिल्ला प्रशासन कार्यालय, रौतहटमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत मणिभूषण साहलाई इप्रका, गरुडामा पठाइएको छ ।

जिप्रका, रौतहटले प्रमुख प्रशासकीय अधिकृत साहलाई इप्रका, गरुडामा कामकाज गर्न खटाए पनि दुई ठाउँको जिम्मेवारीमा रहेका प्रशासकीय अधिकृत साह नियमित इप्रका, गरुडामा बस्न नसक्दा सेवाग्राहीको काममा ढिलासुस्ती भइरहेको गुनासो छ ।

प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले इप्रका, गरुडाको निमित्त प्रमुखको जिम्मेवारीको म्याद सकिएको विषयमा गृह मन्त्रालयलाई जानकारी गराइसकिएको र गृह मन्त्रालयले चाँडै त्यहाँ नयाँ कार्यालय प्रमुख पठाउन लागेको बताए । २०७३ सालमा स्थापना भएको इप्रका, गरुडा स्थापनाकालदेखि नै निमित्तको भरमा चल्दै आएको छ । अधिकृतस्तरको दरबन्दी भएपनि मन्त्रालयले अधिकृत पठाउन सकेको छैन ।

# तीनवटा ट्याक्टर नियन्त्रण



तस्वीरः प्रतीक

प्रमोद यादव, पंचगावाँ, १९ मङ्सिर/

पर्सागढी नगरपालिका अन्तर्गत पर्ने सिङ्ग्याही खोलाबाट अवैधरूपमा गिट्टी, बालुवाको ओसारपोसार गर्ने तीनवटा ट्याक्टरलाई इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले नियन्त्रणमा लिएको छ ।

ना.४त ६२४६, ना.६त ७३५५ र ना.५त ५०५२ नम्बरका तीनवटा ट्याक्टरलाई इप्रका, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरी र प्रहरी चौकी मानवाको टोलीले मङ्गलवार बिहान खोलाबाट नियन्त्रणमा लिएको हो । तीनवटै ट्याक्टरलाई नियन्त्रणमा लिई जरिवाना तिराउन पर्सागढी नगरपालिकाको राजस्व शाखामा पठाएको प्रनि केशरीले बताए ।

ट्याक्टर चालकले बडनियारका दाहाल बाजे, तपसी पटेल र बालेश्वर यादवको उक्त ट्याक्टर रहेको बताएका छन् ।

# करेन्ट लागेर एकजनाको मृत्यु



तस्वीरः प्रतीक

प्रमोद यादव, पंचगावाँ, १९ मङ्सिर/

करेन्ट लागेर पटेर्वासुगौली गाउँपालिका–५ मा एकजना व्यक्तिको मृत्यु भएको छ ।

भिलोरको रूखमा चढेर पात टिप्ने क्रममा रूखछेउमा रहेको ११ हजार भोल्टको तारमा टाँसिएर पटेर्वासुगौली गापा–५ मनिहर्वा बस्ने चोकट साह तेलीको घटनास्थलमा नै मङ्गलवार दिउँसो १ बजे मृत्यु भएको स्थानीय शिक्षक हरिराजप्रसाद यादवले बताए । इलाका प्रहरी कार्यालय, पोखरिया र पटेर्वासुगौलीले शव शल्यपरीक्षणको लागि नारायणी अस्पतालमा पठाएको छ ।

## यादव ...

कार्यसमिति र सप्तरीमा केदारप्रसाद यादव नेतृत्वको जिल्ला कमिटीलाई वैधानिकता प्रदान गरेका छन् । सोविपरीत गठन भएको कमिटीलाई विधानविपरीत भन्दै त्यस्तो कमिटीमा नलाग्न कार्यकर्ताहरूलाई निर्देशन पनि गरेका छन् ।

पर्सा जिल्लामा बहुदरमाई नगरपालिकाका प्रमुख सिंहासन साह तेलीको अध्यक्षतामा समानान्तर कमिटी गठन भएको थियो । यो कमिटीलाई जसपाका प्रमुख सचेतक सांसद प्रदीप यादव र वीरगंज महानगरका प्रमुख एवं केन्द्रीय सदस्य राजेशमान सिंहको छत्रछाया थियो । यादव अध्यक्ष रहेको जिल्ला कमिटीमा भने प्रदेशमन्त्री सिंहासन साह कलवार, पूर्वमुख्यमन्त्री लालबाबूराउत गद्दीलगायतको छत्रछात्रा थियो । विवादलाई मत्थर गर्न मधेस प्रदेश कमिटीले अनुगमन समिति बनाएको थियो तर त्यसले काम नगर्दै अध्यक्ष रामकुमार यादवको अध्यक्षतामा बसेको मङ्सिर १७ गतेको बैठकले रामनरेश यादव नेतृत्वको पुरानो जिल्ला कमिटीलाई वैधानिकता प्रदान गरेको हो ।




**शौचालयको प्रयोग गरौं, सङ्क्रमणबाट जोगिऔं**

- दिसापिसाब शौचालयमा मात्र गरौं, खुला स्थानमा दिसापिसाब नगरौं ।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले हात धोऔं ।
- हत्केलापछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तीमा २० सेकेन्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

**जीवाणुलगायतको सङ्क्रमणबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड